छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१

विज्ञापनको लागि मात्र

jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्



वर्ष २७ •अंक ३३४ • २०८३ साल बैशाख २० गते आइतबार (3 May, Sunday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-


## मोटरसाइकल दुर्घटना बढ्दै

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका जिल्लाहरुमा मोटरसाइकल दुर्घटना ह्वातै बढेको छ । प्रहरीको तथ्यांक अनुसार दुर्घटना हुने गाडीहरुमा अधिकांश मोटरसाइकल रहेको छ । चालु आव २०८२।८३ कै चैत मसान्तसम्ममा ८ हजार ६२४ वटा सवारीसाधन दुर्घटनामा ५ हजार ९७५ वटा मोटरसाइकल नै रहेको छ ।

केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेका अनुसार चैत मसान्तसम्ममा मधेशको धनुषामा सबैभन्दा बढी मोटरसाइकल दुर्घटना भएको हो । यहाँ १ हजार ४८ वटा मोटरसाइकल दुर्घटनामा परेको हो ।

गत आर्थिक वर्ष २०८१।८२ मा १० हजार ६७९ वटा सवारीसाधन दुर्घटनामा परेकोमा त्यसमध्ये ७ हजार २०१ वटा मोटरसाइकल नै रहेको थियो । आव २०८०।८१ मा ८ हजार ५२९ वटा सवार ीसाधन दुर्घटनामा परेकोमा ५ हजार ९२६ वटा मोटरसाइकल रहेको थियो । आव २०७९।८० मा ८ हजार ३७६ वटा सवार ीसाधन दुर्घटनामा परेकोमा ५ हजार ७४५ वटा मोटरसाइकल रहेको थियो

### अन्तर-प्रदेश शिक्षा सम्मेलन

# प्रादेशिक विश्वविद्यालय अन्योलमा, नीतिगत विभेदबाट आक्रान्त भएको गुनासो

**टुडे समाचारदाता**

जनकपुरधाम । देशमा संघीयता आएको एक दशक बितिसक्दा पनि शिक्षा क्षेत्रको अधिकार बाँडफाँटमा नीतिगत अन्योलता कायमै रहेको प्रदेशका मन्त्रीहरूले गुनासो गरेका छन् । उनीहरूले शिक्षामा केन्द्रिकृत मानसिकता अझै कायम रहेको पीडा समेत पोखेका छन् ।

वीरगन्जमा आयोजित अन्तर-प्रदेश शिक्षा सम्मेलन : सम्बन्ध, सहकार्य र आगामी कार्यदिशा विषयक कार्यक्रममा बोल्दै शिक्षा तथा सामाजिक विकास मन्त्रीहरूले यस्तो बताएका हुन् । अध्ययनका लागि नेपालका विद्यार्थीहरु विदेश पलायन भइरहेकोमा उनीहरुले चिन्ता व्यक्त गरे ।

मधेश प्रदेशकी शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारीले संघीय सरकारले विभेद गर्दै नै आएको उल्लेख बताउँदै प्रदेश सरकार समेत शिक्षा लगायतका सामाजिक विकासभन्दा पूर्वाधारमा खर्च गर्न बढी उत्साहित हुने प्रवृत्ति देखिएको चर्चा गरिन ।

उनले भनिन् कुनै पनि देशको विकासको प्रमुख मेरुदण्ड नै शिक्षा हो । तर संघीय र प्रदेश सरकार दुवै सरकारले शिक्षामै कम बजेट लगानी गर्ने गरेको छ । मन्त्री तिवारीले देशमा संघीयता आएको एक दशक बितिसक्दा पनि शिक्षालाई संघीय सरकारले केन्द्रिकृत नै राखेका कारण अधिकार बाँडफाँटमा अन्योलता कायमै रहेको बताइन ।

कोशी प्रदेशका सामाजिक विकास मन्त्री रामप्रसाद महतोले संघीयतामा अपेक्षा अनुसार शिक्षाले फड्को नमारेको बताए । उच्च शिक्षामा के पढाउँदा स्वदेशमै अवसर मिल्छ भन्ने विषयमा ध्यान दिन ढिलाइ भइसकेको उनको भनाइ छ ।

'कक्षा १२ पास भएपछि झोला उठाएर विदेश जान्छन्। के पढाउँदा उनीहरूलाई स्वदेशमै अवसर मिल्छ, त्यही पढाउनुपर्छ,'



उनले भने, 'पढ्दै गर्दा अवसर पाए भने झोला बोकेर विदेश जानुपर्ने थिएन कि ?'

यस्तै कर्णाली प्रदेशका सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले छोराछोरीलाई 'स्वदेशमै पढ, स्वदेशमै काम गर' भन्नु मात्रै पर्याप्त नहुने र त्यसका लागि आधार तयार गर्नुपर्ने बताए ।

'राजनीति गर्ने व्यक्ति र उच्च तहमा काम गर्ने कर्मचारीका छोराछोरीले नै यो देशमा काम छैन, पढाइ राम्रो छैन भनेर विदेश जान्छन् भने अरू किन बस्ने?' उनले भने, 'कर्णालीमा मान्छे छैनन्, तर विषय छन् । जटामसीको खेती गर, कक्षाकोठामा नआए पनि प्रमाणपत्र दिन्छौं भन्न सक्नुपर्छ। पढाइ पनि हुन्छ, राम्रो आम्दानी पनि गर्न सकिन्छ ।'

उनले अनलाइनमार्फत उच्च शिक्षा पढ्ने व्यवस्था मिलाउन आवश्यक भएकोमा जोड दिए । 'वैदेशिक रोजगारीका लागि खाडी मुलुकमा गएका नेपालीलाई आफूले जानेको कामको प्रमाणपत्र चाहिएको छ । उनीहरूलाई अनलाइनमार्फत पढाउने व्यवस्था गर्नुपर्छ,' मन्त्री भण्डारीले भने ।

बागमती प्रदेशका सामाजिक विकास मन्त्री कञ्चन चन्द्र वादेले शिक्षामा लगानी गर्दा तत्काल परिणाम नदेखिने भएकाले धैर्य गर्नुपर्ने अवस्था रहेको बताए। उनले शिक्षाको दीर्घकालीन नीति बनाउनुपर्ने र विश्वविद्यालयलाई सामुदायिक विद्यालयसँग जोड्नुपर्ने बताए ।

मधेश विश्वविद्यालय र संघीयता अध्ययन केन्द्रद्वारा आयोजित सो कार्यक्रममा विभिन्न प्रादेशिक विश्वविद्यालयका प्रतिनिधिहरूले विश्वविद्यालय अनुदान आयोग सबै उच्च शिक्षा प्रदायक संस्थाको साझा हुन नसकेको, प्रादेशिक विश्वविद्यालयलाई नचिनेको भन्दै अनुदान नदिइएको, उच्च शिक्षाको राष्ट्रिय प्रारूप नभएको, नीतिगत स्थायित्व र पर्याप्त लगानीको अभाव रहेको वक्ताहरुले बताए ।

सो सम्मेलनबाट शिक्षाको सुदृढीकरणका लागि साझा प्रतिबद्धतासहितको १४ बुँदे घोषणापत्र समेत सार्वजनिक गरिएको छ । सो घोषणा पत्रमा संघ, प्रदेश र स्थानीय तहको अधिकार सूचीको कार्य विस्तृकरणलाई प्रदेश सहित सरोकारवालाहरुको राय तथा परामर्शमा तत्काल अन्तिम रुप प्रदान गरी कानूनी व्यवस्था गर्न, स्नातक र स्नात्तकोत्तर उत्तीर्ण विद्यार्थीहरुको लागि विभिन्न विषयमा इन्टर्नसिपको व्यवस्था गर्ने, आधारभूत तहको शिक्षाको सुनिश्चित गर्न सहकार्य गर्ने घोषणा पत्रमा भनिएको छ ।

यस्तै तत्काल संघीय विद्यालय शिक्षा ऐन ल्याउन संघीय सरकारसँग माग, शिक्षण शिकाईमा डिजिटल प्रविधिको प्रयोगमा जोड, एसईई परीक्षा प्रदेश तहबाट नै सम्पूर्ण व्यवस्थापन हुनुपर्ने नेपाल सँग अनुरोध र शिक्षा विकास तथा समन्वय इकाई लाई भौतिक र वित्तिय श्रोत सहित प्रदेशमा हस्तान्तरण गर्नुपर्ने संघीय सरकारसँग माग लगायतका विषयहरु समेटेर घोषणा पत्र जारी गरिएको हो ।

प्रादेशिक विश्वविद्यालयहरूले प्रयोगात्मक, व्यवसायिक, प्राविधिक तथा व्यवहारिक शिक्षामा जोड दिनुपर्ने, मेधावी विद्यार्थीलाई छिटो क्रेडिट पूरा गर्न सक्ने लचिलो पाठ्यक्रम विकास गर्नुपर्ने, पेड इन्टर्नसिप, अनुसन्धान परियोजनाको व्यवस्था गर्नुपर्ने सुझाव दिएका छन् ।

# राष्ट्रपतिद्वारा ६ अध्यादेश जारी, कांग्रेसको आपत्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले सिफारिस गरेका ८ वटा अध्यादेश मध्ये ६ वटा अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलले जारी गरेका छन् ।

शनिबार मात्रै स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश २०८३, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेश, २०८३ र विश्वविद्यालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ सहित तीनवटा अध्यादेश राष्ट्रपति पौडेलद्वारा जारी भएको हो ।

यसअघि शुक्रबार सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेश, २०८३, बिहीबार सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३ र सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३ जारी गरेका थिए ।

प्रधानमन्त्री बालेन्द्र शाह 'बालेन' को सचिवालयका अनुसार, स्वास्थ्य विज्ञान प्रतिष्ठानसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेशमा स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारी हटाउने तथा नयाँ भर्ना गर्ने सम्बन्धी व्यवस्था छ । यसमा प्रतिस्पर्धा गराएर नियुक्त गर्ने प्रावधान राखिएको जनाइएको छ ।

त्यस्तै, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी विशेष व्यवस्था अध्यादेशमा अघिल्लो सरकारको पालामा नियुक्त भएका सार्वजनिक पदाधिकारीलाई हटाउन सक्ने व्यवस्था गरिएको छ । यस अध्यादेशका आधारमा करिब एक हजार दुई सय पदाधिकारीलाई हटाउने सरकारको तयारी छ ।

विश्वविद्यालय सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेशमा विश्वविद्यालयमा राजनीतिक दलका विद्यार्थी संगठनलाई रोक लगाउने व्यवस्था गरिएको छ भने विश्वविद्यालयका पदाधिकारीलाई हटाउन र नयाँ नियुक्त गर्न व्यवस्था रहेको छ । यही अध्यादेश ल्याउन लागेपछि त्रिभुवन विश्वविद्यालयका उपकुलपति दीपक अर्यालसहित तीन पदाधिकारीले सामूहिक राजीनामा दिएका थिए ।

यसैगरी, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण (तेस्रो संशोधन) अध्यादेशमा सम्पत्ति शुद्धीकरणमा अनुसन्धानका लागि सजिलो बनाउन खोजिएको जनाइएको छ । यससँगै सम्पत्ति



शुद्धीकरणमा कडाइ गर्ने व्यवस्था गरिएको छ । प्रधानमन्त्रीको सचिवालयले जनाए अनुसार सहकारी ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेशमा बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई नियमन गर्ने व्यवस्था गरिएको छ । यस प्रकृतिका संस्थाले कार्य सञ्चालन इजाजतपत्र लिनुपर्ने र समस्याग्रस्त सहकारी संस्थाका सदस्यलाई तत्काल बचत रकम फिर्ताका लागि 'चक्रय राहत कोष' स्थापना गर्ने लगायतका व्यवस्थाहरू गरिएको जनाएको छ ।

यस्तै सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेशमा सार्वजनिक खरिदलाई समयसापेक्ष बनाउन खोजिएको जनाइएको छ। यसले सार्वजनिक खरिदका लागि लामो प्रक्रियालाई छोट्याउन र सजिलो बनाउन सहयोग पुग्ने जनाइएको छ ।

सरकारले पठाएका दुई वटा अध्यादेश भने राष्ट्रपतिको कार्यालयमा विचाराधीन छन् । विचाराधीन अध्यादेशमा संवैधानिक परिषद्सम्बन्धी अध्यादेश र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश रहेको छ ।

संवैधानिक परिषद्सम्बन्धी अध्यादेशमा यसअघि केपी शर्मा ओली नेतृत्वको सरकारले गर्न खोजेको व्यवस्था जस्तै छ । संवैधानिक परिषद्को बैठकमा उपस्थित सदस्यको बहुमतले निर्णय गर्ने व्यवस्था राखिएको छ । यसअघि ओलीले पनि त्यस्तै व्यवस्था गर्न खोजेका थिए । अहिले संवैधानिक परिषद्मा सम्पूर्ण सदस्य संख्याको बहुमतले निर्णय गर्नुपर्ने व्यवस्था छ । संवैधानिक परिषद्मा प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रतिनिधि सभाका उपसभामुख र प्रमुख प्रतिपक्ष दलको नेता रहने व्यवस्था छ ।

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेशमार्फत २० वटा ऐन संशोधन गर्न खोजिएको छ । जसमा भूमि, जग्गा नापजाँच, मालपोत, शिक्षा, वन, स्वास्थ्य, निजामती र बिमा लगायतका कानुनमा देखिएका अवरोध हटाउन संशोधन गर्न खोजिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

यसैबीच प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका नेता भीष्मराज आङदेम्बेले अध्यादेश जारीविरुद्ध आपति जनाएका छन् । सरकार संसद् छलेर चोर बाटो हिड्न खोजेको टिप्पणी गरेका छन् ।

अध्यादेश रोक्न नेता आङदेम्बेले शनिबार बिहान राष्ट्रपति रामचन्द्र पौडेललाई भेटेका थिए । उनको भेटपछि राष्ट्रपति तीनवटा अध्यादेश जारी गरेका छन । राष्ट्रपति पौडेल के कति कारणले सरकारले अघि बढाइरहेको अध्यादेशहरु धमाधम जारी गर्दैछन भन्ने बारे बुझ्न नसकेको उनले बताए ।

काठमाण्डूमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै आङदेम्बेले सरकार अध्यादेशको गलत बाटो हिडिरहेको टिप्पणी गर्दै भने ' जनताको अभिमतबाट प्राप्त भएको यत्रो ठूलो आकारलाई विश्वास नगरेर, त्यो आकारले एउटा टुंगोमा पुर्‍याउँछ भन्ने विश्वास नगरेर जसरी चोर बाटोबाट उनीहरूले आफूहरूलाई निकाल्ने कोसिस गरिरहेको छ, यो राम्रो संकेत होइन ।'

सरकार जनताको अभिमतलाई विश्वास नगरेर संसद्लाई बन्धक बनाएर अध्यादेशबाट चलिरहेको आरोप लगाए । चोर बाटोबाट देश चलाएर दिगो विकास र शान्ति नहुने उनको भनाइ थियो । जनताले दिएको त्यत्रो ठूलो अभिमतमाथि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र सरकारले भरोसा गर्नुपर्नेमा अध्यादेशबाट देश चलाउन खोज्नु गलत भएको उनले बताए ।




# पोषण लेखाजोखा अभियान शुरु

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' शुरु भएको छ। अभियान अन्तर्गत ६० हजारभन्दा बढी बालबालिका तथा सुनौलो १००० दिनका आमाहरूको पोषण अवस्था मूल्यांकन गरिने जनाइएको छ।

मधेश प्रदेश सरकार अन्तर्गतको प्रदेश स्वास्थ्य निर्देशनालयको समन्वय तथा स्वास्थ्य कार्यालय सप्तरीको सहकार्यमा जिल्लाका १८ वटै स्थानीय तहमा 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' वैशाख १५ गतेदेखि ३० गतेसम्मका लागि अभियान सञ्चालन भएको छ।

अभियान अन्तर्गत जिल्लाभरिका ६ देखि ५९ महिनासम्मका करिब ६० हजारभन्दा बढी बालबालिका तथा सुनौलो १००० दिनका आमाहरूको पोषण अवस्था पहिचान तथा मूल्यांकन गरिनेछ । बालबालिकाको उचाइ, तौल तथा पाखुराको मध्य भागको परिधि मापन गरी पोषण अवस्थाको वैज्ञानिक मूल्यांकन गरिने कार्यकारी निर्देशक राकेश कुमार यादवले बताएका छन् ।

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा नजिकका स्वास्थ्य संस्थामार्फत घरघरमै पुगेर बालबालिकाको उचाइ, तौल र पाखुराको नाप लिने कार्य भइरहेको उनले बताए । साथै, कुपोषण पहिचान भएका बालबालिकालाई बहिरंग सेवा मार्फत 'तयारी उपचारात्मक खाना' निःशुल्क उपलब्ध गराइने व्यवस्था गरिएको उनको भनाई छ।

नेपाल सरकारको राष्ट्रिय पोषण रणनीति अनुसार यो अभियान स्वास्थ्य संस्था, खोप केन्द्र, विद्यालय, सामुदायिक क्लिनिक, वडा कार्यालय, सामुदायिक भवन तथा प्रारम्भिक बाल विकास केन्द्रहरूमा सञ्चालन भइरहेको छ । यस अभियानमा स्वास्थ्य कार्यालय सप्तरीको महत्वपूर्ण समन्वयात्मक तथा प्राविधिक नेतृत्व रहेको छ।




साथै स्वास्थ्य, पोषण, शिक्षा तथा कृषि अनुसन्धान विकास नेपाल कार्यान्वयन साझेदार संस्थाको रूपमा सक्रिय रूपमा परिचालित छ। हेलेन केलर इन्टरनेशनलको आर्थिक सहयोगमा सञ्चालित सो अभियानले स्थानीय तहहरूको पूर्ण सहकार्यले थप प्रभावकारी बनाएको छ।

जीवनका लागि पोषण कार्यक्रम अन्तर्गत हेलेन केलर इन्टरनेशनलको आर्थिक सहयोगमा हर्ड नेपालले 'राष्ट्रिय पोषण लेखाजोखा अभियान' कार्यक्रममार्फत जिल्लाका सबै पालिकाहरूमा कार्यक्रम सञ्चालन गर्दै लक्षित वर्ग–विशेष गरी बालबालिका तथा सुनौलो १००० दिनका आमाहरूको पोषण सुधारमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको यादवले बताए।

हर्ड नेपाल अन्तर्गत पोषण सहजकर्ताहरू प्रत्येक १८ वटै पालिकामा २/२ जनाका दरले परिचालन गरिएको छ । यसले समुदायस्तरमा सेवा प्रवाह, तथ्याङ्क संकलन तथा अनुगमनलाई अझ व्यवस्थित बनाएको छ। सो अभियानमा स्थानीय तहहरूको समेत सक्रिय भूमिका रहेको छ । प्रत्येक पालिकाका मेयर, उपमेयर, कार्यकारी प्रमुख, स्वास्थ्य शाखा प्रमुख तथा सम्पूर्ण पालिका टोलीहरू प्रत्यक्ष रूपमा अभियानमा संलग्न भएर समन्वय र सहजीकरण गरिरहेका छन् ।

जिल्लास्तरीय स्वास्थ्य टोली, प्राविधिक समूह तथा सम्पूर्ण सरोकारवाला निकायहरूको सक्रिय सहभागिता र समन्वयमा अभियानलाई सफल बनाउन निरन्तर प्रयास भइरहेको छ। सबै पक्षको संयुक्त प्रतिबद्धताले सप्तरीमा बाल तथा मातृ पोषण सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउने लक्ष्य लिइएको छ।

# 'जिल्ला समन्वय समितिलाई स्रोतसाधन सम्पन्न र स्पष्ट जिम्मेवारी दिनुपर्छ'

काठमाण्डु । जिल्ला समन्वय समिति (जिसस) लाई साधनस्रोत सम्पन्न र स्पष्ट जिम्मेवारी दिइनुपर्नेमा माग गरिएको छ। जिल्ला समन्वय समिति महासङ्घले शनिबार यहाँ आयोजना गरेको कार्यक्रममा वक्ताहरूले समन्वय समितिबारे संविधानमा व्यवस्था गरिए पनि स्पष्ट काम, कर्तव्य र अधिकारको व्यवस्था तथा साधनस्रोत सम्पन्न नहुँदा कार्यसम्पादनमा समस्या भन्दै प्रष्ट व्यवस्था गर्न माग गरेका हुन् ।

नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले समन्वय समितिसम्बन्धी व्यवस्थालाई थप प्रष्ट पारेर जाने गरी संवैधानिक सुधार एवं कानुनी व्यवस्था गरिनुपर्ने बताउनुभयो । उहाँले हाल संविधान संशोधनको विषयबारे चर्चा सुरु भएको उल्लेख गर्दै समन्वय समन्वय समितिलगायत विषयमा थप प्रष्ट व्यवस्था गरिनुपर्ने र त्यसका लागि आफ्नो पार्टीले पहल गर्ने प्रतिबद्धता जनाउनुभयो।

कांग्रेस महामन्त्री गुरुराज घिमिरेले संविधान एवं कानुनमा समन्वय समिति राख्ने तर अधिकार एवं साधनस्रोत नदिने विषय राम्रो नभएको बताउनुभयो। उहाँले स्थानीय तहबाट सम्पादन हुने कामबारे अनुगमन गर्ने र गलत कार्य भएमा रोक्न सक्ने गरी समितिलाई सशक्त बनाइनुपर्नेमा जोड दिनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का नेता प्रदीपकुमार ज्ञवालीले जिससम्बन्धी व्यवस्थाबारे विगतमा त्रुटी भएको स्वीकार गर्दै अब सुधार गरेर अघि बढ्नुपर्ने धारणा राख्नुभयो।

तथा सुशासन अनुसन्धान केन्द्रका अध्यक्ष डा हेमराज लामिछानेले जिससको आवश्यकताबारे चर्चा गर्दै यसलाई थप बलियो बनाउनुपर्नेमा जोड दिनुभएको थियो।

जिससलाई साधन स्रोत र जनशक्ति सम्पन्न बनाएर अनुगमन एवं अख्तियारको दुरुपयोग जस्ता विषयमा काम गर्ने अधिकार पनि दिन सकिने उहाँहरूको भनाइ थियो ।

> उहाँले हाल संविधान संशोधनको विषयबारे चर्चा सुरु भएको उल्लेख गर्दै समन्वय समन्वय समितिलगायत विषयमा थप प्रष्ट व्यवस्था गरिनुपर्ने र त्यसका लागि आफ्नो पार्टीले पहल गर्ने प्रतिबद्धता जनाउनुभयो ।

तत्कालीन जिल्ला विकास समिति महासङ्घका संस्थापक अध्यक्ष कृष्णलाल सापकोटाले जिससको आवश्यकता अझै रहेकाले आवश्यक कानुनी सुधार गरिनुपर्नेमा जोड दिनुभयो।

कार्यक्रमको समूह छलफलमा संविधानविद् काशीराज दाहाल, पूर्वसचिव एवं राष्ट्रिय सूचना आयोगका पूर्वप्रमुख आयुक्त कृष्णहरि बास्कोटा र विकास

कार्यक्रममा जिसस महासङ्घका अध्यक्ष राजन मेहता, महासचिव अशोककुमार घिमिरे, जिसस काठमाडौंका प्रमुख सन्तोष बुढाथोकी, उपप्रमुख शान्ति पाण्डेलगायतले जिससलाई स्पष्ट जिम्मेवारी तोकेर अधिकारसम्पन्न बनाउन पहल गरिनुपर्ने बताउनुभयो । रासस

## ट्राफिक कारबाहीबाट आठ लाख ५८ हजार राजस्व सङ्कलन

काठमाण्डु । शनिबार बितेका २४ घण्टामा एक हजार ७२० सवारी चालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् । यसबाट राज्यकोषमा रु आठ लाख ५८ हजार राजस्व दाखिला भएको छ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार मादक पदार्थ सेवन गरेको १३६, नियमविपरीत 'राइड सेयरिङ' गरेका १२४, ट्राफिक सङ्केत उल्लङ्घनकर्ता १२९ र तीव्र गतिमा सवारीसाधन हुइँक्याएका १७५ जनालाई कारबाही गरिएको हो ।

यसैगरी, 'लेन' अनुशासन पालना नगर्ने २०६, निषेधित क्षेत्रमा हर्न बजाउने २८, सडक पेटीमा सवारीसाधन पार्किङ गर्ने ९२, निर्धारित स्थानमा यात्री चढाउने र ओराल्ने नियम उल्लङ्घनकर्ता २० र अन्य सवारी नियम पालना नगरेका एक हजार ८१० जनालाई कारबाही गरिएको हो। रासस

# मस्कटमा लगानी तथा निर्यात प्रवर्द्धन कार्यक्रम

काठमाण्डु । ओमानस्थित नेपाली दूतावासले २५७० औं बुद्ध जयन्ती तथा अन्तरराष्ट्रिय श्रमिक दिवसका अवसरमा शुक्रबार मस्कटमा श्रम सचेतना तथा व्यापार, निर्यात र लगानी प्रवर्द्धनसम्बन्धी कार्यक्रम आयोजना गरेको छ।

कार्यक्रमको उद्घाटन गर्दै ओमानका लागि नेपालका राजदूत डोरनाथ अर्यालले बुद्ध जयन्तीको महत्व र भगवान् बुद्धका शिक्षाबारे प्रकाश पार्दै श्रम सचेतनाको आवश्यकता तथा नेपाल-ओमानबीच व्यापार, निर्यात र लगानीका सम्भावनाको खोजीमा जोड दिनुभएको उक्त दूतावासले जनाएको छ।



राजदूत अर्यालले आर्थिक कूटनीति प्रवर्द्धन, निर्यात र लगानीका अवसर पहिचान तथा नेपाली श्रमिकको हित संरक्षणमा दूतावासले गरिरहेका प्रयासका साथै नेपालमा व्यापार, निर्यात र लगानीका सम्भावना, नेपालको आर्थिक हित प्रवर्द्धनमा ओमानस्थित नेपाली समुदायको भूमिकाबारे मन्तव्य व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा निर्यात तथा लगानी प्रवर्द्धन, श्रम सचेतना तथा बुद्ध जयन्ती र श्रमिक दिवसका सन्दर्भमा छलफल भएको थियो। त्यस अवसरमा नेपाली सामाजिक क्लबका प्रतिनिधि, विज्ञ समूहका सदस्य, नेपाली व्यवसायी, उद्धार टोलीका सदस्य तथा समुदायका अन्य सदस्य गरी ७८ जनाको सहभागिता रहेको उक्त दूतावासले जनाएको छ। रासस

# तीन करोडभन्दा बढी लागतमा निर्मित ट्राफिक प्रहरी भवन उद्घाटन




काठमाण्डु । जिल्ला ट्राफिक प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) परिसरमा निर्मित कार्यालय भवनको उद्घाटन गरिएको छ । शनिबार त्यहाँ आयोजित एक कार्यक्रमका बीच प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले भवन उद्घाटन गर्नुभएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ।

महानिरीक्षक कार्कीले समयमै निर्माण सम्पन्न गर्न योगदान पुऱ्याउने सबैलाई धन्यवाद ज्ञापन गर्दै नवनिर्मित भवनबाट प्रवाह हुने सेवाहरू अझ नागरिकमैत्री एवम् व्यावसायिक हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले ट्राफिक व्यवस्थापनलाई अझै प्रभावकारी बनाउन र नागरिकले महसुस गर्ने गरी सेवा प्रवाह गर्न ट्राफिक प्रहरीलाई थप प्रविधिमैत्री बनाउँदै लैजानुपर्नेमा जोड दिनुभयो।

महानिरीक्षक कार्कीले शिष्ट बोलीबचन, अनुशासित र नागरिकमैत्री प्रहरी सेवा प्रवाह गर्न उपस्थित प्रहरी कर्मचारीहरूलाई निर्देशनसमेत दिनुभयो। उहाँले प्रहरीले दुर्घटना न्यूनीकरणलाई प्राथमिकतामा राखेर जनचेतामूलक कार्यक्रममा जोड दिनुपर्ने र नागरिकहरूले पनि ट्राफिक नियमको पूर्ण पालनामा सचेत हुनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल तथा हुप्सेकोट गाउँपालिकाका अध्यक्ष लक्ष्मीदेवी पाण्डे, गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव कृष्णप्रसाद लम्साल र नवलपरासी पूर्वका निमित्त प्रमुख जिल्ला अधिकारी चिरन्जिवी रानाले आफ्नो धारणा राख्नुभएको थियो।

यस्तै, गण्डकी प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक दीपेन्द्र घर्ती क्षेत्री, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय गण्डकी प्रदेशका प्रमुख प्रहरी उपरीक्षक दानबहादुर थापालगायतले सुरक्षा व्यवस्थालगायत विषयमा जानकारी गराउनुभएको थियो । कार्यक्रममा प्राविधिक प्रहरी नायब उपरीक्षक ई चिरन्जिवी प्रताप महतोले भवन निर्माणसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।

त्यस अवसरमा महानिरीक्षक कार्कीले कार्यालय परिसरमा वृक्षरोपण गर्नुका साथै भवन निर्माणमा योगदान गर्ने विभिन्न व्यक्तिलाई प्रशंसापत्रसहित सम्मान गर्नुभएको थियो।

गण्डकी प्रदेश सरकारको रु तीन करोड दुई लाख १२ हजार ६७६ लागतमा त्यहाँ कार्यालय भवन, ब्यारेक, मेसलगायत संरचना निर्माण गरिएका हुन् ।रासस

> समयमै निर्माण सम्पन्न गर्न योगदान पुऱ्याउने सबैलाई धन्यवाद ज्ञापन गर्दै नवनिर्मित भवनबाट प्रवाह हुने सेवाहरू अझ नागरिकमैत्री एवम् व्यावसायिक हुने विश्वास व्यक्त गर्नुभयो ।

## भट्टराईले दिए पदबाट राजीनामा

काठमाण्डु । त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष प्रा.डा. धनश्याम भट्टराईले राजीनामा दिएका छन् । शनिबार आफूले पदबाट राजीनामा दिएको भट्टराईले अनलाइनखबरलाई जानकारी दिए । 'आज राजीनामा दिएको छु,' उनले भने ।

त्रिभुवन विश्वविद्यालयका तत्कालीन कुलपतिसमेत रहेका तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले त्रिवि सेवा आयोगको अध्यक्षमा भट्टराईलाई नियुक्त गरेका थिए।

बालेन्द्र शाह नेतृत्वको वर्तमान सरकारले पुर्ववर्ती सरकारका पालामा भएका राजनीतिक नियुक्तिहरूको खारेजी गर्ने तयारी गरेको छ। सोही अनुसार तयार पारिएको अध्यादेश सरकारले राष्ट्रपति कार्यालय पठाएको थियो। सो अध्यादेश राष्ट्रपति रामचन्द्र पौडेलले शनिबार जारी गरिसकेका छन्।

यसअघि त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा दीपक अर्यालसहितका पदाधिकारीले पनि राजीनामा दिइसकेका छन् । १७ वैशाखमा उपकुलपति अर्यालसहित शिक्षाध्यक्ष प्रा.डा. खड्ग केसी र रजिस्ट्रार प्रा.डा. केदारप्रसाद रिजालले राजीनामा दिएका हुन् । यसैगरी शुक्रबार संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा. धनेश्वर नेपालले पनि राजीनामा दिएका थिए। रासस

# नारायणगढ-बुटवल सडकः दाउन्नेमा एकतर्फी ढलानको काम सकियो

त्रिवेणी । नारायणगढ-बुटवल सडक विस्तार आयोजना अन्तर्गत पूर्वी खण्डको दाउन्नेमा सडकको एकतर्फी ढलानको काम सकिएको छ । आयोजनाको पूर्वी खण्डका सूचना अधिकारी शिव खनालका अनुसार दाउन्नेमा एकतर्फी ढलानको काम सम्पन्न भएको हो। पूर्वी खण्डमा दाउन्ने करिब चार किलोमिटर पर्नेमा एकतर्फी रूपमा ढलानको काम सकिएको उहाँले बताउनुभयो।

एकतर्फी ढलानको काम सकिएको र अब चाँडै उक्त क्षेत्रमा पक्की सडकबाटै यातायात सञ्चालन हुनेछन् । दाउन्नेमा ढलानको काम नसकिँदा सामान्य वर्षा हुँदा सवारी जामको समस्या भोग्दै आउनु परेको थियो। अब चौध दिन पूरा भएपछि दाउन्नेको पूर्वी खण्डमा ढलान सडकबाटै यात्रा गर्न सकिने सूचना अधिकारी खनालले बताउनुभयो । "दाउन्नेमा एकतर्फी ढलानको काम सकिएको छ, अब चाँडै यात्रा सहज हुनेछ," सूचना अधिकारी खनालले भन्नुभयो।

दाउन्नेमा एकतर्फी ढलानको काम सकिएसँगै नारायणगढ-बुटवल सडक आयोजना अन्तर्गत पूर्वी खण्डको पुरै भाग ६५ किलोमिटर सडक कालोपत्र र ढलानले जोडिएको सूचना अधिकारी खनालले बताउनुभयो । "दाउन्नेमा एकतर्फी ढलानको काम सकिएको छ, योसँगै पुरै ६५ किलोमिटर सडक कालोपत्र र पक्की सडकले जोडिएको छ," सूचना अधिकारी खनालले भन्नुभयो, "अबको चौध दिनपछि पूर्वी खण्डका सबै क्षेत्रमा कालोपत्र र पक्की सडकमा यात्रा गर्न सकिन्छ।" दाउन्नेको पूर्वी खण्डमा पक्की सडकले जोडिए पनि पश्चिम खण्डमा भने अझै पूर्ण रूपमा ढलानको काम सकिएको छैन।

नारायणगढ-बुटवल सडक विस्तारको काम २०७५ माघ २४ गते सम्झौता भई २०७९ साउन २२ गते सम्पन्न गर्ने छ। रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | घरपपिरवारमा नयाँ सदस्यको आगमन वा खुशीको खबर सुन्न पाइनेछ। |
| वृष : | प्रेम सम्बन्धमा प्रगाढमा आउनेछ। |
| मिथुन : | केही नयाँ सिक्ने अवसर मिल्नेछ। |
| कर्कट : | मानसिक शान्तिका लागि ध्यान वा योग गर्नु शुभ रहनेछ। |
| सिंह : | टाढाका आफन्तसंग भेटघाट हुने वा कुराकानी हुने सम्भावना छ। |
| कन्या : | व्यवसायमा उन्नति हुनेछ र मन प्रसनन रहनेछ। |
| तुला : | राजनीतिमा संलग्न व्यक्तिहरुका लागि आजको दिन विशेष उपलब्धिमूलक हुन सक्छ। |
| वृश्चिक : | तीर्थाटन वा धार्मिक यात्राको योग छ। |
| धनु : | स्वास्थ्यमा केही समस्या आउन सक्छ। |
| मकर : | प्रेम सम्बन्धमा रहेकाहरुका लागि आजको दिन निकै रमाइलो रहनेछ। |
| कुम्भः | कार्यक्षेत्रमा नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ। |
| मीनः | शेयर बजार वा लगानीका क्षेत्रमा आजको दिन सावधानपूर्वक अगाडि बढ्नुहोला। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**खर्बुजाको व्यापार** : महोत्तरीको जलेश्वर नगरपालिका-१ स्थित हटियामा खर्बुजा किनमेल गर्दै सर्वसाधारण। तस्बिर : सञ्जीतकुमार मण्डल/रासस

# तीन दशकपछि पनि मौका परीक्षा दिन पाइने



काठमाण्डु । त्रिभुवन विश्वविद्यालय (त्रिवि)ले शैक्षिक पात्रो सुधार्न अनियमित रहेका परीक्षा धमाधम सञ्चालन गरिरहेको छ।

त्रिवि परीक्षा नियन्त्रण कार्यालयले आगामी साउनदेखि नियमित शैक्षिक पात्रोअनुसार परीक्षा सञ्चालन गर्न अहिले अनियमित भएका परीक्षालाई धमाधम सञ्चालन गरिरहेको कार्यालयका परीक्षा नियन्त्रक लक्ष्मण पौडेलले जानकारी दिनुभयो।

“अहिले हामी अनियमित भएका शैक्षिक पात्रोलाई सुधार्नका लागि महिनामा तीनदेखि चार प्रकारका परीक्षा लिइरहेका छौँ,” उहाँले भन्नुभयो, “२०५३ सालदेखिका मौका परीक्षा पनि असारसम्म सम्पन्न गर्नेगरी परीक्षा भइरहेका छन्।”

वैशाख महिनामात्रै चार प्रकारका परीक्षा सञ्चालन भइरहेका छन्। स्नातक तहतर्फ बिएएलएलबीको दोस्रो वर्ष, स्नातक तह नियमित दोस्रो वर्ष, वि.टेक पहिलो र दोस्रो वर्षको परीक्षा सञ्चालन भइरहेको छ।

परीक्षा नियन्त्रक पौडेलले असारसम्म सबै परीक्षा सम्पन्न गरेर आगामी साउनदेखि शैक्षिक पात्रोमा उल्लेख गरिएका २०८३ अन्तर्गतका परीक्षा सञ्चालन गर्ने बताउनुभयो। उहाँका अनुसार जेठ महिनामा तीनवर्षे स्नातक तहको पहिलो वर्ष र चारवर्षे स्नातक तहतर्फ पहिलो वर्ष, बिएएलएलबी तेस्रो वर्ष, विटेक तेस्रो वर्षको परीक्षाको कार्यतालिका सार्वजनिक गरिसकेको छ।

यस्तै असार महिनामा स्नातक तहको सबै सङ्कायको चौथो वर्षको नियमित परीक्षा तोकिएको छ। “असारसम्म हामीले कोरोना भाइरस र जेनजी आन्दोलनदेखि नियमित हुन नसकेका परीक्षा सम्पन्न गरेर आगामी साउनदेखि त्रिविकै शैक्षिक पात्रोअनुसार नियमित परीक्षा गर्ने छौँ,” उहाँले भन्नुभयो।

अहिले सञ्चालन भइरहेका ती परीक्षामा करिब एक लाख १५ हजार परीक्षार्थी सहभागी भएका छन्।

**सय दिनमा परीक्षाफल**

परीक्षा नियन्त्रण कार्यालयले सय दिनमा नै परीक्षाफल प्रकाशित गर्ने गरेको छ। परीक्षा सम्पन्न भएको सय दिनमा परीक्षाफल प्रकाशित गर्न थालिएको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिनुभयो। रासस

# अमेरिका पुर्‍याइएको प्रस्तर बुद्ध मूर्ति सङ्ग्रहालय हुँदै आफ्नै आसनमा फिर्ता



काठमाण्डु । काठमाडौँ महानगरपालिका-२३जोरगणेशओमबहाल टोलको न्हुछे बहा (बज्रधातु विहार) बाट चोरी भएको पुरातात्विक तथा धार्मिक महत्व बोकेको प्रस्तर बुद्ध मूर्ति आफ्नै आसनमा फर्काइएको छ।

संयुक्त राज्य अमेरिकाको न्यूयोर्कस्थित टिवेट हाउस कलेक्सनमा पुगेको यो मूर्ति २०७८ साल फागुन १८ गते नेपाल फिर्ता ल्याइएको थियो। पुरातत्व विभाग, नेपाली सम्पदा अभियन्ताहरूले मूर्ति फिर्ता ल्याउने प्रक्रियामा आफूलाई समर्पित गरेपछि फिर्ता भएको मूर्ति राष्ट्रिय सङ्ग्रहालयमा राखेर संरक्षण गरिएको थियो।

शुक्रबार वैशाख १८ गते बुद्ध जयन्तीको अवसर पारेर विहारमा मूर्तिलाई मूल आसनमा पुनःस्थापित गरिएको हो।

हनुमानढोकाबाट विहारमा मूर्ति लैजाँदा कार्यवाहक प्रमुख सुनिता डङ्गोल, वडा न २३ वडाध्यक्ष मचाराजा महर्जन, सदस्यहरु, सम्पदा अभियन्ताहरु, गुठि खल पुचका प्रतिनिधिहरुले बाजागाजासहित उत्सव गर्नुभएको थियो।

त्यस अवसरमा कार्यवाहक प्रमुख डङ्गोलले मूर्तिहरुको सुन्दरता बस्ती र चोकहरुमा हुने बताउनुभयो। “नेपाल मण्डलभित्रका मूर्तिहरु केवल आकृति मात्र होइनन्। यी हरेक मूर्तिमा प्राण हुन्छ। हरेक मूर्तिसँग सामाजिक जीवनको गहिरो आत्मीय सम्बन्ध हुन्छ। यी मूर्तिको संरक्षणका लागि स्थानीयहरु सचेत हुनुहुन्छ। महानगरपालिकाका तर्फबाट हामीले गर्नुपर्ने काम पूर्ण प्रतिबद्ध भएर गर्नेछौँ”, उहाँले भन्नुभयो।

मूर्ति पुनःस्थापनाले वडाको सांस्कृतिक पहिचान अभिवृद्धिका लागि ठूलो योगदान पुगेको अध्यक्ष महर्जनले उल्लेख गर्नुभयो। राष्ट्रिय सङ्ग्रहालयका प्रमुख अरुणा नकर्मीले सम्पदा संरक्षणमा स्थानीय सरकार समुदायका बीच समन्वय उत्कृष्टताको नमूना भएको उल्लेख गर्नुभयो।

सम्पदा संरक्षणकर्मी गणपतिलाल श्रेष्ठ र सञ्जय अधिकारीले विदेशमा बेचिएका प्राचीन कला फिर्ता ल्याउने काममा थप उत्साह बढेको बताउनुभयो।

चोरिएका मूर्ति तथा कलात्मक वस्तुलाई मूल स्थानमा पुनःस्थापना गरेको यो तेस्रो सम्पत्ति हो। यसअघि कुमारी घरको तोरण र गःगुठि सूर्यमुखी महादेव मन्दिर परिसरमा रहेको महागौरी/पार्वतीको मूर्ति पनि मूल आसनमा फर्काइसकिएको छ।

यसरी मूर्ति फिर्ता गराउन काठमाडौँ महानगरपालिकालेसरोकारवालातथा साझेदारकार्यालयकाप्रतिनिधिहरुसँग छलफल, कानुनी तथा प्रशासनिक प्रक्रिया पूरा गर्ने गरेको छ।

सयुक्त अधिराज्य बेलायतबाट फिर्ता गरिएको तोरण कुमारी घरमा पुनःस्थापित वसन्तपुरमा रहेको जीवित देवी श्रीकुमारीको वासस्थानबाट चोरिएको तोरण २०८२ मङ्सिर ५ गते पुनःस्थापित गरिएको थियो।

त्यस्तै २०८३ वैशाख ५ गते विश्व सम्पदा दिवसको अवसर पारेर राष्ट्रिय सङ्ग्रहालय, छाउनीमा राखिएको १३औँ शताब्दीको महागौरी/पार्वतीको नृत्य भावको प्रस्तर मूर्ति वडा नं.२० मरुस्थित गःगुठि सूर्यमुखी महादेव मन्दिर परिसरको आफ्नै आसनमा पुनस्थापित गरिएको थियो। मूर्तिको नाप ६८.५ सेन्टिमिटर उचाइ र ३०.५ सेन्टिमिटर चौडाइको छ।

चोरी भएको मूर्ति बेलायत पुर्‍याइएको थियो। त्यहाँबाट २०५२ सालमा फिर्ता गरेर राष्ट्रिय सङ्ग्रहालय छाउनीको जुद्धजातीय कलाशालामा राखिएको थियो। त्यहाँबाट काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोल, सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान सङ्गत, वडा नं २० का अध्यक्ष राजेन्द्र मानन्धर, सम्पदा अभियानकर्ताद्वय गणपतिलाल श्रेष्ठ र अधिवक्ता सञ्जय अधिकारीले मूर्ति बुझेर फिर्ता ल्याउनुभएको थियो।

सङ्ग्रहालयका प्रमुख अरुणा नकर्मी, हनुमानढोका हेरचाह अड्डाका प्रमुख काजीमान प्याकुरेल, राष्ट्रिय सङ्ग्रहालयका सङ्ग्रहालय अधिकृत सुवासकृष्ण डङ्गोल र पुरातत्व विभागका पुरातत्व अधिकृत अमृता महर्जनको रोहवरमा सङ्ग्रहालयका भण्डारे विन्दा श्रेष्ठ र सहायक पथ प्रदर्शक उषाकुमारी सिंहले मूर्ति बुझाउनुभएको थियो। रासस

# भन्सार कडाइपछि रक्सौल सुनसान, वीरगञ्जमा चहलपहल



वीरगञ्ज। सबैजसो याममा गुलजार हुने वीरगञ्जको सीमावर्ती भारतीय बजार रक्सौल यतिबेला सुनसान छ। सरकारले भन्सारमा कडाइ गरेसँगै किनमेलका लागि रक्सौल जाने नेपाली घटेसँगै बजार सुस्ताएको हो।

रक्सौल सीमावर्ती नेपालीका लागि प्रमुख बजार मानिन्थ्यो। रक्सौलमा पर्सा जिल्लाका मात्रै नभएर छिमेकी जिल्लाका मुख्य सहरका सिमरा, हेटौँडा र चितवनसम्मका बासिन्दा किनमेल गर्न रक्सौल बजार जान्थे।

पछिल्लो समय सङ्घीय सरकारले सीमावर्ती क्षेत्रमा भन्सार जाँचमा कडाइ गरेपछि वीरगञ्ज बजारमा क्रमशः ग्राहकको चहलपहल बढ्दै गएको वीरगञ्जमा यहाँका व्यवसायीको भनाइ छ।

वीरगञ्जको आर्दशनगरमा कपडा पसल सञ्चालन गर्दै आउनुभएका जेपी इन्टरप्राइजेजका सञ्चालक जयप्रकाश खेतानले भन्सार क्षेत्रमा सरकारले कडाइ गरेसँगै आफ्नो पसलमा पहिलेको तुलनामा ३० प्रतिशत बढी व्यापार हुन थालेको बताउनुभयो।

“सरकारले भन्सार क्षेत्रमा कडाइ गरेसँगै अहिले वीरगञ्जका पसलहरुमा विस्तारै ग्राहकहरुको चहलपहल बढेको छ, विगतमा दिनभरजसो पसल कुरेर मात्रै बस्नुपर्ने हुन्थ्यो। अहिले ग्राहक बढेसँगै व्यापारमा पनि धेरै सुधार देखिएको छ”, उहाँले भन्नुभयो।

वीरगञ्जको मिनाबजारमा किराना पसल सञ्चालन गर्दै आउनुभएका ऋषि केशरीले पनि भन्सारमा कडाइ गरेसँगै वीरगञ्जको बजारमा ग्राहक बढेको बताउनुभयो। “सबैजसो समान किनमेल गर्न सीमा पारी नै जानु सामान्यजस्तै थियो, भन्सारमा कडाइ सुरु भएसँगै हाम्रो व्यापार करिब २५ प्रतिशतले बढेको छ, सीमा क्षेत्रबाट हुने अवैध व्यापार रोक्न सकेको खण्डमा व्यापार पहिलेको तुलनामा ५० प्रतिशतले बढ्ने अपेक्षा राखेका छौँ”, केशरीले भन्नुभयो।

डिभिजन सडक हेटौँडाले गत वैशाख ६ गते वीरगञ्जको मुख्य सडक (मेनरोड) मा अतिक्रमित संरचना भत्काएपछि यहाँको बजार अहिले आर्दशनगर, लिंकरोडका बजारमा चहलपहल बढेको छ। विगतमा मेनरोडमा व्यापार तथा व्यवसायी गर्दै आइरहेका व्यापारीले भत्किएको संरचनाको जोखिमपूर्ण भग्नावशेषमा नै ‘सेल’ अफरमार्फत ‘स्टक’ सामान बिक्री सुरु गरेका छन्।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अनुसार सडक विस्तारको कारणले करिब एक हजार व्यवसायी तथा व्यापारी विस्थापित हुने अवस्थामा पुगेका छन्। जहाँ प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा करिब नौ हजार जनाको रोजगारी समेत प्रभावित भएको छ।

वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले सरकारले सीमावर्ती क्षेत्रमा कडाइ गरेसँगै अनौपचारिक ढङ्गले हुने आयातमा कमी आउने बताउनुभयो। “सीमावर्ती सहरबाट अनौपचारिक ढङ्गबाट हुने आयातमा केही हदसम्म भए पनि कम भइरहेको छ, साथै चोरीपैठारी नियन्त्रण गर्नमा सहज हुने अपेक्षा राखेका छौँ”, उहाँले भनुभयो।

सीमावर्ती क्षेत्रमा कडाइ गरेसँगै स्रोत नखुलेको रकम (हुण्डी) कारोबार नियन्त्रणमा पनि सहयोग पुगेको छ। सीमा क्षेत्रमा खुला रुपमा भीडभाडको मौका छोपेर सीमावर्ती क्षेत्रबाट लागुऔषध भित्रिने क्रममा पनि केही हदसम्म न्यूनीकरण भइरहेको जनाइएको छ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरिप्रसाद गौतमले सीमावर्ती क्षेत्रमा रु १०० भन्दा धेरैको सामान ल्याउने प्रावधानका कारण सीमा क्षेत्रका बासिन्दाका लागि उपयुक्त नभएको बताउनुभयो। “सरकारले सीमावर्ती बजार रक्सौलमा उपलब्ध हुने, अत्यावश्यक वस्तु तथा सामान वीरगञ्जमै उपलब्ध हुने नीति ल्याएको खण्डमा कोही पनि सीमावर्ती बजारमा किनमेल गर्न जादैन्थे”, उहाँले भन्नुभयो, “अहिलेको नीतिले पर्साका भन्दा पनि सिमरा, हेटौँडा र चितवनदेखि रक्सौलमा सपिङ गर्न आउनेको सङ्ख्यामा भने केही हदसम्म कमी आएको छ।”

सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक मोहनबहादुर क्षेत्रीले सीमा क्षेत्रबाट हुने अवैध पैठारी तथा निकासीलाई नियन्त्रण गर्ने प्रयास गर्दै आइरहेको बताउनुभयो। “सीमा क्षेत्रमा सशस्त्र प्रहरीलाई खटाएर अवैध चोरी निकासीलाई नियन्त्रण गर्ने प्रयास गर्दै आइरहेका छन्, कतिपय व्यवहारिक समस्यालाई पनि सम्बोधन गर्ने प्रयासमा छौँ”, उहाँले भन्नुभयो।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार चालु चालु आवको नौ महिनामा रु छ खर्ब ९४ अर्ब पाँच करोड मूल्य पर्ने वस्तु तथा सामान आयात भएको छ। सो वस्तु तथा सामान आयात हुँदा कार्यालयले सो अवधिमा रु एक खर्ब ७७ अर्ब ६६ करोड राजस्व सङ्कलन गरेको छ। त्यस्तै यो नाका हुँदै चालु आवको नौ महिनामा भने ७९ अर्ब ५४ करोड मूल्यको वस्तु तथा सामान विभिन्न मुलुकमा निर्यात भएको छ। रासस

# पाकिस्तानमा बुद्ध जयन्तीः साझा बौद्ध सम्पदामार्फत दिगो पर्यटनमा जोड



काठमाण्डु । बुद्ध जयन्तीका अवसरमा पाकिस्तानको पञ्जाब सरकारसँगको सहकार्य तथा थाइल्याण्ड, श्रीङ्का, म्यान्मा र भियतनामका दूतावास तथा उच्चायोगको समन्वयमा इस्लामावादस्थित नेपाली दूतावासले शुक्रबार विविध कार्यक्रम आयोजना गरेको छ। कार्यक्रमअन्तर्गत पाकिस्तानस्थित धर्मराजिका स्तूप र टक्सिला सङ्ग्रहालयमा धार्मिक विभिन्न गतिविधि सञ्चालन गरिएका थिए।

उक्त दूतावासका अनुसार टक्सिला सङ्ग्रहालयमा ‘दिगो पर्यटनका लागि साझा बौद्ध सम्पदाको उपयोग’ विषयको छलफलमा पाकिस्तानका लागि नेपालका राजदूत रीता धितालले स्वागत मन्तव्य व्यक्त गर्दै विश्वभरका ५० करोडभन्दा बढी श्रद्धालुका लागि बौद्ध सम्पदास्थल प्रमुख तीर्थस्थलका रूपमा रहेका बताउनुभयो।

उहाँले ती स्थल आध्यात्मिक, सांस्कृतिक तथा शैक्षिक पर्यटनका दृष्टिले अत्यन्त सम्भावनायुक्त रहेको बताउँदै दक्षिण एसियाका बौद्ध स्थललाई पूर्वाधारमार्फत आपसमा जोड्न सके स्थानीय समुदायको सामाजिक-आर्थिक विकासमा टेवा पुग्ने, तीर्थयात्रीलाई ध्यान अभ्यास गर्न सहज हुने तथा अनुसन्धानकर्तालाई बौद्ध दर्शन अध्ययनमा सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो।

राजदूत धितालले श्रीलङ्का उच्चायोग तथा थाइल्याण्ड, म्यानमार, भियतनाम र नेपालको संयुक्त आयोजनाले बौद्ध धर्मलाई एसियाभर जोड्ने साझा सांस्कृतिक तथा आध्यात्मिक सेतुका रूपमा प्रस्तुत गरेको उल्लेख गर्दै यसले शान्ति, करुणा र प्रज्ञाको सार्वभौमिक मूल्य प्रवर्द्धन गर्ने बताउनुभयो।

कार्यक्रममा लुम्बिनी विकास कोषद्वारा तयार गरिएको लुम्बिनी गुरुयोजना, मायादेवी मन्दिर, विहार क्षेत्र तथा शान्तिज्योतिसम्बन्धी विवरण समेटिएको लुम्बिनीसम्बन्धी ‘भिडियो’ पनि प्रदर्शन गरिएको थियो। रासस

# बल्खुमा भत्किएका संरचना प्राचीन होइनन्ः पुरातत्व विभाग




काठमाण्डु । काठमाडौँका अव्यवस्थित बस्ती व्यवस्थापनका क्रममा अनधिकृत संरचना हटाउँदा भत्किएका मन्दिर तथा गुम्बा प्राचीन महत्वका नभएको पुरातत्व विभागले स्पष्ट पारेको छ।


बल्खु क्षेत्रस्थित सुकुम्बासी बस्तीमा अनधिकृत संरचना हटाउने क्रममा भत्काइएका मन्दिरका संरचना नयाँ तथा निजी स्वामित्वका भएकाले विभागले संरक्षण गर्न आवश्यक नदेखिएको विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्ग रासससलाई बताउनुहुन्छ।

विभागले १०० वर्षभन्दा पुराना ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका संरचनामात्र संरक्षणमा गर्दै आएको जानकारी दिँदै उहाँले भन्नुभयो, “दशदेखि १५ वर्षअघि निर्माण भएका नयाँ वा निजी संरचनालाई विभागले संरक्षण गर्दैन। त्यो हाम्रो दायित्वभित्र पर्दैन।”

महानिर्देशक प्रधानाङ्गले बल्खु क्षेत्रमा गरिएको स्थलगत अवलोकनका क्रममा भत्काइएका संरचनामा प्राचीनताको कुनै आधार नभेटिएको बताउनुभयो। त्यहाँ दुईवटा मूर्ति र एउटा आकारविहीन शिला भेटिएको थियो। “सिमेन्टले ढलान गरिएको नयाँ संरचना थियो, पुरानो कुनै संरचनात्मक विशेषता देखिएन,” उहाँले भन्नुभयो, “ती मूर्ति करिब १०-१५ वर्ष पुराना हुनुपर्छ, पुरातात्त्विक महत्वका वस्तु भेटिएनन्। स्थानीय व्यक्तिले नै ती मूर्तिको स्वामित्व दाबी गरेपछि विभागले त्यसलाई आफ्नो संरक्षणमा लिएन।”

केही समय यता बस्ती विस्तारसँगै सामाजिक एकता वा पहिचानका लागि नयाँ मन्दिर तथा धार्मिक संरचना निर्माण गर्ने चलन बढेको बताउनुभयो। “विशेषगरी सुकुमवासी बस्तीमा बनेका यस्ता संरचना धेरैजसो नयाँ छन्,” उहाँले भन्नुभयो, “कहिलेकाहीँ जमिनमा स्वामित्व दाबी मजबुत बनाउन पनि यस्ता संरचना बनाउने प्रवृत्ति देखिन्छ।”

बागमती किनारका प्राचीन मन्दिरहरूको उदाहरण दिँदै उहाँले ती संरचना व्यवस्थित रूपमा निर्माण गरिएका, गुठी राखिएका र ऐतिहासिक अभिलेखसहित समाजसँग जोडिएका बताउनुभयो। “हामीले अनधिकृत बस्ती हटाउने क्रममा पनि प्राचीन महत्वका संरचना छन् वा छैनन् भनेर ध्यान दिँदै आएका छौँ,” उहाँले भन्नुभयो, “बल्खुको उक्त संरचना भने विभागले संरक्षण गर्नुपर्ने श्रेणीमा पर्दैन।”रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# उपचार र मृत्यु घटना

उपचार र मृत्युका घटना दिनचर्याको स्वरुप ग्रहण गर्नु मानवीय संवेदना सन्दर्भमा चिन्तनीय पक्ष हो । चिकित्सक र चिकित्सालय उपचारको विश्वसनीय केन्द्र भएको अवस्थामा उपचार केन्द्रमाथि नै प्रश्न खडा भइ आफैमा गम्भीर मुद्दा बन्दै गएको छ , जसले उपचार पद्धतिको अध्ययन लगायत सेवाप्रति नै चुनौती थपिने क्रममा वृद्धिको संकेत गरिरहेको छ ।कुनै पनि विरामीलाई स्वस्थ्यको आशा भरोसा अपेक्षा हुन्छ तर अस्पतालबाट स्वस्थ्य भइ निस्कनुको सट्टा मृत्यु शैयामा पुग्नु चिकित्सा पेशा र चिकित्सकको दक्षतामाथि पनि गम्भीर सवाल उत्पन्न भएको छ । खास गरी जनकपुरधामका कुनै पनि अस्पताल अछुतो छैन । कतिपय अस्पतालमा विरामी जान भयाक्रान्तको अवस्था छ । अस्पताल उपचारकै लागि हुन्छ तर सधैंभरि दुखद घटना नै हुनु विडम्बना नै मान्नु पर्दछ । अस्पतालमा दुख निवारण भन्दा पनि दुखको पहाड खडा हुने बाध्यात्मक अवस्था सिर्जना हुनुलाई अस्पताल , चिकित्सक , व्यवस्थापन , उपचार मनोविज्ञानलाई समेत शंकास्पदको स्थितिलाई निम्त्याउने कार्य हो । यही परिवेशमा अस्पताल शोषणको अखाडा देखिएको छ । मुख्य रुपले प्रसूतिका क्रममा अत्यधिक रक्तस्रावले आमासहित बच्चाको ज्यान जाने घटनाको क्रमप्रति गम्भीर नहुनु अपराध मनोविज्ञानले प्रश्रय पाउनु सरह हो । आम जनता र विरामी पक्ष चिकित्सक र अस्पताल व्यवस्थापनप्रति आक्रोश पोखिरहेका हुन्छन भने अस्पताल व्यवस्थापन पक्ष विरामीप्रति दोष थोपारिने प्रवृत्ति मानवतालाई उपहासमा परिणत गरेको अनुभूति हुन्छ जसलाई सहज रुपले स्वीकार गर्न सकिदैन । यसमा लापरबाही कसको हो , घटना पटक पटक किन भइरहेको छ? गम्भीर नहुनुलाई कारक तत्व मान्नु पर्ने अवस्था विद्यमान छ । अभिभावकले कराडौं रकम खर्च गरी सन्नतिलाई चिकित्सकको दर्जा प्राप्त गराउने धोकोमाथि यस्ता घटनाहरुले कारुणिक क्षण नित्म्याएको छ । खासगरी नव चिकित्सकले उच्च मात्राको औषधी प्रयोग , शल्यक्रियामा लापरवाही , एउटै चिकित्सक कैयौं अस्पतालमा कार्यरत रहनुले पनि यस्ता दुखद परिणामको कारण हुने गरेको छ । नव चिकित्सकमा औषधीको ज्ञानमा कमी समेत देखिएको छ ।इन्जेक्सन दिन र निर्देशन दिनमा दक्षताको प्रदर्शनका लागि सम्भवतः चिकित्सा शास्त्रको अध्ययन हुँदैन , उपचारदेखि परामर्शसम्मको अध्ययन र व्यवहारिकताको ज्ञानसमेत दिइन्छ । दुखद घटनाकै अस्पतालदेखि चिकित्सकमाथि अविश्वास उत्पन्नको अवस्थाप्रति सबै पक्ष जिम्मेवार हुनु आवश्यक छ । घटनापछि आक्रोशजन्य अवस्था , चिकित्सकमाथि दोषारोपण , हातपातको स्थितिबाट सजग भइ दुखद र सन्त्रासबाट मुक्तिको संरचनातर्फ ध्यान जानु आवश्यक छ ।

## नेपालको चिकित्सा शिक्षा र स्वास्थ्य प्रणालीः

# वर्तमान अवस्था, असमानता, चिकित्सकीय चुनौती



● प्रा.डा. निलमणी उपाध्याय

नेपालको स्वास्थ्य प्रणाली र चिकित्सा शिक्षा विगत दुई दशकमा तीव्र रूपमा विस्तार भएपनि यसको गुणस्तर, पहुँच, वित्तीय स्थायित्व र सुशासनमा गम्भीर चुनौतीहरू कायम रहेका छन् । निजी र सरकारी क्षेत्रबीच समन्वयको अभाव, ग्रामीण-सहरी असमानता, चिकित्सकहरूको असन्तुष्टि तथा स्वास्थ्य बीमा प्रणालीको कमजोरीले सेवा वितरणलाई प्रभावित गरेको छ । यस लेखले नेपालको स्वास्थ्य प्रणालीको समग्र विश्लेषण गर्दै सार्वजनिक-निजी एकीकरण विशेष गरी सार्वजनिक-निजी साझेदारी मोडेललाई सन्तुलित र दिगो समाधानका रूपमा प्रस्ताव गर्दछ । साथै, ग्रामीण स्वास्थ्य सेवा सुदृढीकरण, चिकित्सक जोगाइराख्ने, वित्तीय सुधार तथा शासन व्यवस्था सुधारका लागि व्यवहारिक नीति सिफारिसहरू प्रस्तुत गरिएको छ ।

**परिचय**

स्वास्थ्य सेवा कुनै पनि राष्ट्रको सामाजिक र आर्थिक विकासको आधारभूत स्तम्भ हो । नेपाल जस्तो विकासशील मुलुकमा स्वास्थ्य सेवा केवल रोग उपचारसँग सम्बन्धित विषय मात्र होइन, यो सामाजिक न्याय, आर्थिक समानता र मानव अधिकारसँग प्रत्यक्ष सम्बन्धित छ । विगत दुई दशकमा नेपालले स्वास्थ्य सेवा र चिकित्सा शिक्षाको क्षेत्रमा उल्लेखनीय विस्तार गरेको छ । मेडिकल कलेजहरूको संख्या बढेको छ, चिकित्सक उत्पादन बढेको छ र स्वास्थ्य संस्थाहरू देशभर फैलिएका छन् । तर यस विस्तारसँगै नयाँ समस्याहरू पनि जन्मिएका छन्, जसले समग्र प्रणालीलाई चुनौतीपूर्ण बनाएको छ ।

नेपालको स्वास्थ्य प्रणाली हाल दुई मुख्य ध्रुवमा विभाजित छ–सरकारी र निजी । सरकारी क्षेत्रले व्यापक पहुँच प्रदान गरेपनि सेवा गुणस्तर, व्यवस्थापन र स्रोतको अभावका कारण सीमित प्रभावकारिता देखिन्छ । निजी क्षेत्रले आधुनिक प्रविधि र विशेषज्ञ सेवा उपलब्ध गराए पनि यसको पहुँच महँगो भएकाले सीमित जनसंख्यामा मात्र केन्द्रित छ । यस सन्दर्भमा "सार्वजनिक र निजी बीचको तुलना" बहसले समाधानभन्दा बढी विभाजन सिर्जना गरेको छ । त्यसैले अहिलेको आवश्यकता भनेको सार्वजनिक तथा निजी क्षेत्रको एकीकरण हो, जसले दुबै क्षेत्रको शक्ति उपयोग गरी समग्र स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउन सक्छ ।

**नेपालमा चिकित्सा शिक्षाको अवस्था**

नेपालमा चिकित्सा शिक्षाको विकास क्रमशः सरकारी पहलबाट सुरु भएर निजी क्षेत्रको तीव्र विस्तारसम्म पुगेको छ । प्रारम्भिक समयमा सीमित सरकारी मेडिकल कलेजहरूले मात्र चिकित्सक उत्पादन गर्थे । तर सन् २००० पछाडि निजी क्षेत्रको प्रवेशसँगै मेडिकल कलेजहरूको संख्या उल्लेखनीय रूपमा बढ्यो । यसले चिकित्सक उत्पादनमा वृद्धि ल्यायो, जसले एक हिसाबले देशको आवश्यकता पूरा गर्न सहयोग पुऱ्यायो ।

तर यस विस्तारसँगै चिकित्सा शिक्षा व्यवसायीकरणतर्फ उन्मुख भयो । निजी कलेजहरूको शुल्क अत्यधिक बढ्यो, जसले आर्थिक रूपमा कमजोर वर्गलाई चिकित्सा शिक्षाबाट टाढा बनायो । साथै, एमिबिबिएस स्नातकहरूको संख्या बढ्दै गइरहेको अवस्थामा स्नातकोत्तर (पिजी) सीटहरूको अभावले ठूलो समस्या सिर्जना गरेको छ । यसले युवा चिकित्सकहरूमा असन्तुष्टि बढाएको छ र विदेश पलायनको प्रवृत्ति तीव्र भएको छ ।

अर्कोतर्फ, शिक्षण गुणस्तरमा असमानता देखिन्छ । केही संस्थाहरूले उत्कृष्ट शिक्षा प्रदान गरे पनि अन्यत्र शिक्षक अभाव, अपर्याप्त तालिम र कमजोर नियमनका कारण गुणस्तर घटेको छ । यसले दीर्घकालीन रूपमा स्वास्थ्य सेवा प्रणालीको गुणस्तरमा प्रभाव पार्छ ।

**सरकारी र निजी स्वास्थ्य प्रणाली**

नेपालको स्वास्थ्य प्रणालीलाई सरकारी र निजी दुई भागमा विभाजन गरेर बुझ्न सकिन्छ । सरकारी क्षेत्रले स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेलेको छ । देशभर रहेका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र र जिल्ला अस्पतालहरूले ग्रामीण र दुर्गम क्षेत्रमा सेवा पुऱ्याएका छन् । साथै, खोप, मातृ स्वास्थ्य र संक्रामक रोग नियन्त्रण जस्ता क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरिएको छ ।

तर सरकारी अस्पतालहरूमा भीड, सीमित स्रोतसाधन, कमजोर व्यवस्थापन र जवाफदेहिताको अभाव प्रमुख समस्या हुन् । बिरामीले लामो समय पर्खनु पर्ने, आवश्यक सेवा समयमा नपाउनु र स्वास्थ्यकर्मीहरूको अनुपस्थितिले सेवा गुणस्तरमा असर पारेको छ ।



निजी क्षेत्रले भने आधुनिक उपकरण, विशेषज्ञ सेवा र छिटो उपचार उपलब्ध गराएको छ । विशेष गरी तृतीयक सेवा, आईसीयू (गहन उपचार कक्ष), मुटु (कार्डियाक) र क्यान्सर (अन्कोलोजी) सेवामा निजी क्षेत्रको योगदान महत्वपूर्ण छ । तर यसको लागत अत्याधिक भएकाले सामान्य नागरिकका लागि सहज पहुँच छैन । यसले स्वास्थ्य सेवामा असमानता बढाएको छ ।

**ग्रामीण-सहरी असमानता**

नेपालको स्वास्थ्य प्रणालीको सबैभन्दा गम्भीर समस्या भनेको ग्रामीण र सहरी क्षेत्रबीचको असमानता हो । सहरी क्षेत्रमा विशेषज्ञ चिकित्सक, आधुनिक उपकरण र निजी अस्पतालहरूको पहुँच सहज छ । तर ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा सीमित छ ।

धेरै ग्रामीण स्वास्थ्य संस्थाहरूमा आवश्यक जनशक्ति, उपकरण र औषधिको अभाव हुन्छ । चिकित्सकहरू ग्रामीण क्षेत्रमा लामो समय बस्न चाहँदैनन्, जसले सेवा निरन्तरतामा समस्या ल्याउँछ । यसले गर्दा सामान्य बिरामी पनि उपचारका लागि सहरी क्षेत्र जान बाध्य हुन्छन्, जसले आर्थिक र सामाजिक बोझ बढाउँछ ।

**चिकित्सकहरूको समस्या र चुनौती**

नेपालका चिकित्सकहरू विभिन्न पेशागत र व्यक्तिगत चुनौतीहरूको सामना गरिरहेका छन् । सरकारी क्षेत्रमा कार्यरत चिकित्सकहरूको तलब अपेक्षाकृत कम छ, जसले उनीहरूलाई निजी सेवा अभ्यास तर्फ आकर्षित गर्छ । यसले द्वैध (दोहोरो) अभ्यासको प्रवृत्ति बढाएको छ, जसले सरकारी सेवामा प्रभाव पार्छ ।

चिकित्सकहरूमा कार्यभार अत्याधिक छ, विशेष गरी सरकारी अस्पतालहरूमा । यसले शारिरीक थकान, मानसिक तनाव र कार्यक्षमता घटाउने समस्या निम्त्याउँछ । साथै, बिरामी वा आफन्तबाट हुने हिंसाका घटनाहरूले चिकित्सकहरूको सुरक्षामा चिन्ता थपेको छ ।

यसका अतिरिक्त स्पष्ट करियर मार्ग, पदोन्नति प्रणाली र व्यावसायिक विकासको अभावले चिकित्सकहरूमा असन्तुष्टि बढाएको छ । यसले दीर्घकालीन रूपमा मस्तिष्क पलायन (ब्रेन डेन) लाई प्रोत्साहित गर्छ ।

**छलफल**

नेपालको स्वास्थ्य प्रणालीका समस्याहरू केवल स्रोतको कमीका कारण मात्र होइनन्, तर व्यवस्थापन, समन्वय र नीति कार्यान्वयनको कमजोरीका कारण हुन् । निजी र सरकारी क्षेत्रलाई अलग-अलग रूपमा सञ्चालन गर्दा स्रोतको दोहोरो प्रयोग, असमानता र अक्षमता बढेको छ । यस सन्दर्भमा सार्वजनिक-निजी एकीकरण एक व्यावहारिक र सन्तुलित समाधानको रूपमा देखिन्छ । यसले सरकारी क्षेत्रको पहुँच र निजी क्षेत्रको दक्षता संयोजन गर्न सक्छ। सार्वजनिक-निजी साझेदारी मोडेलमार्फत सेवा विस्तार गर्दा लागत घटाउन, सेवा गुणस्तर सुधार गर्न र प्रणालीलाई दिगो बनाउन सकिन्छ ।

**नीति सिफारिसहरू**

सार्वजनिक तथा निजी क्षेत्रको एकीकरण लाई प्रभावकारी बनाउन निम्न उपायहरू आवश्यक छन् ।

पहिलो, सार्वजनिक-निजी साझेदारी मोडेललाई प्राथमिकताका साथ विस्तार गर्नुपर्छ । डायलाइसिस, आइसियू र इमेजिङ सेवा जस्ता क्षेत्रमा सरकारी पूर्वाधार र निजी व्यवस्थापनको संयोजनले सेवा गुणस्तर सुधार गर्न सक्छ ।

दोस्रो, सरकारी अस्पतालहरूको व्यवस्थापन सुधार गर्न निजी व्यवस्थापन अन्तर्गत परीक्षण (पायलट) परियोजना लागू गर्न सकिन्छ । यसले दक्षता र जवाफदेहिता बढाउँछ ।

तेस्रो, निजी अस्पतालहरूलाई स्वास्थ्य बीमा प्रणालीमा पूर्ण रूपमा समावेश गर्नुपर्छ । यसले बिरामीलाई सस्तो सेवा उपलब्ध गराउँछ र निजी क्षेत्रलाई स्थायित्व दिन्छ ।

चौथो, ग्रामीण स्वास्थ्य सेवा सुदृढीकरणका लागि टेलिमेडिसिन, मध्यम-स्तरका स्वास्थ्यकर्मी र जिल्ला अस्पताल सुदृढीकरणमा ध्यान दिनुपर्छ ।

पाँचौं, चिकित्सकहरूको धारण (च्भतभलतष्यल) का लागि प्रतिस्पर्धात्मक तलब, प्रोत्साहन, सुरक्षित कार्य वातावरण र स्पष्ट करियर मार्ग आवश्यक छ ।

**विगतमा भ्रष्ट राजनीतिज्ञ र कर्मचारीहरूको भूमिका**

नेपालको स्वास्थ्य क्षेत्रको विकास लामो समयसम्म भ्रष्ट राजनीतिज्ञ र अक्षम प्रशासनिक संयन्त्रका कारण अवरुद्ध रहँदै आएको छ । जनताको आवश्यकता र वैज्ञानिक योजना भन्दा पनि राजनीतिक स्वार्थ, पहुँच र व्यक्तिगत फाइदाका आधारमा निर्णय लिइँदा स्वास्थ्य सेवामा असन्तुलन सिर्जना भयो । अस्पतालका भवन र उपकरणहरूमा लगानी बढाइए पनि दक्ष जनशक्तिको अभावका कारण ती सेवा प्रभावकारी हुन सकेनन् । यसले गर्दा धेरै सरकारी अस्पतालहरू स्रोत हुँदाहुँदै पनि गुणस्तरीय सेवा दिन असफल भइरहेका छन् ।

हाल उदाउँदै गरेको राष्ट्रिय स्वतन्त्र पार्टीले भ्रष्टाचारप्रति शून्य सहनशीलताको नारा दिएर जनतामा आशा जगाएको छ । तर स्वास्थ्य क्षेत्रको सुधार कुनै जादुको छडीले सम्भव हुने कुरा होइन । यसका लागि दीर्घकालीन सोच, पारदर्शिता र उत्तरदायित्व आवश्यक छ । बजेटको सही उपयोग, खरिद प्रक्रियामा पारदर्शिता र नियमित अनुगमनले भ्रष्टाचारलाई क्रमशः घटाउन सकिन्छ ।

यससँगै "हार्डवेयर" भन्दा "सफ्टवेयर" मा ध्यान दिनु अत्यन्त आवश्यक छ । अर्थात्, डाक्टर, नर्स र प्यारामेडिक्सजस्ता स्वास्थ्य जनशक्तिमा लगानी बढाउनु पर्छ । उनीहरूको तालिम, उचित पारिश्रमिक, सुरक्षित कार्य वातावरण र करियर विकासका अवसर सुनिश्चित गर्नुपर्छ । विशेषगरी दुर्गम क्षेत्रमा जनशक्ति टिकाइराख्ने नीतिहरू अत्यन्त महत्त्वपूर्ण हुन्छन् ।

अन्ततः, स्वास्थ्य क्षेत्रको दिगो सुधार निरन्तर प्रयास, कम भ्रष्टाचार र सक्षम मानव स्रोत विकासमा निर्भर गर्दछ । यस्ता व्यावहारिक कदमहरूबाट मात्रै नेपाली जनताले गुणस्तरीय र समान स्वास्थ्य सेवा पाउन सक्नेछन् ।

**स्वास्थ्य मन्त्रीसँगको अपेक्षा**

नर्सिङ पृष्ठभूमिबाट आएकी नयाँ स्वास्थ्य मन्त्री श्रीमती निशा मेहताज्यूले प्रणालीभित्रका वास्तविक समस्या नजिकबाट बुझेकाले स्वास्थ्य सेवामा "मानव संसाधन" लाई प्राथमिकता दिन महत्वपूर्ण भूमिका खेल्न सक्छिन् । डाक्टर, नर्स र प्यारामेडिक्सको अभाव, कामको वातावरण र सेवा प्रवाहका चुनौतीहरू सुधार गर्न उनी बढी संवेदनशील र व्यवहारिक निर्णय लिन सक्षम हुन्छिन् ।

प्रमुख सल्लाहकार डा. मनोहर प्रधानजस्ता अनुभवी चिकित्सकको मार्गदर्शनले नीतिगत सुधारलाई वैज्ञानिक र दीर्घकालीन बनाउन मद्दत पुऱ्याउन सक्छ । उनीहरूको सहकार्यले पारदर्शिता, मेरिटमा आधारित नियुक्ति र दक्ष जनशक्ति व्यवस्थापनलाई अघि बढाउन सहयोग पुऱ्याउँछ ।

यसरी, अनुभव र व्यावहारिक समझको संयोजनबाट भ्रष्टाचार न्यूनीकरण गर्दै स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सुधार सम्भव हुन सक्छ ।

**संसदीय समितिको भूमिका**

नेपालको स्वास्थ्य क्षेत्र सुधार गर्ने क्रममा संसदीय समितिकी सभापति डा. ओजस्वी शेरचनको भूमिका प्रत्यक्ष कार्यकारी नभई निगरानी र जवाफदेहीता सुनिश्चित गर्ने शक्तिशाली माध्यम हो ।

## लोकप्रियताको उन्माद र शासकीय कडीः

# रास्वपाको अग्निपरीक्षा



● सुजीत कुमार झा

राजनीतिमा लोकप्रियता कमाउनु आफैंमा ठूलो उपलब्धि हो, तर त्यो लोकप्रियतालाई दीर्घकालीन विश्वासमा रूपान्तरण गर्दै प्रभावकारी शासनमा परिणत गर्नु अझै कठिन र जटिल प्रक्रिया हो । अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ठीक त्यही मोडमा उभिएको छ–जहाँ जनसमर्थनको उचाइ र शासनको जिम्मेवारीबीचको दूरी स्पष्ट देखिन थालेको छ । एक महिना मात्र सत्तामा रहँदा पनि यस दलले जुन प्रकारका चुनौतीहरू सामना गरिरहेको छ, त्यसले एउटा गहिरो यथार्थ उजागर गर्छ–राजनीति मात्र भावनाको खेल होइन, शासन भने संरचना, संयम र दक्षताको परीक्षा हो ।

रास्वपाको उदय कुनै सामान्य राजनीतिक घटना थिएन । यो दशकौंदेखि स्थापित दलप्रति जनतामा बढ्दै गएको निराशा, असन्तुष्टि र परिवर्तनको आकांक्षाको परिणाम थियो । विशेषतः युवा मतदाताले यसलाई विकल्प मात्र होइन, 'प्रतिकार'को माध्यमका रूपमा समेत प्रयोग गरे । तर सत्ता प्राप्तिपछि देखिएको व्यवहारले एउटा प्रश्न जन्माएको छ–के रास्वपा लोकप्रियताको उचाइलाई संस्थागत क्षमतामा रूपान्तरण गर्न तयार छ ?

**संस्कार र व्यवहारको कसी**

शासनको पहिलो परीक्षा नीतिमा होइन, व्यवहारमा देखिन्छ । पछिल्ला केही घटनाक्रमले रास्वपाको आन्तरिक संस्कार र अनुशासनमाथि गम्भीर प्रश्न खडा गरेका छन् । ओखलढुङ्गाका सांसद विश्वराज पोखरेलसँग जोडिएको घटना व्यक्तिगत कमजोरीको उदाहरण मात्र होइन; यसले पार्टीभित्रको समग्र राजनीतिक संस्कारको स्तरलाई पनि प्रतिबिम्बित गर्छ । सार्वजनिक पदमा रहेका व्यक्तिको बोली, व्यवहार र प्रस्तुति मात्रै व्यक्तिगत विषय हुँदैन–त्यो सम्पूर्ण दलको छविसँग जोडिएको हुन्छ ।

माफी माग्नु समाधानको प्रारम्भ हुन सक्छ, तर त्यो पर्याप्त हुँदैन । किनकि यस्ता घटनाहरूले जनतामा 'नयाँ दल पनि पुरानै जस्तो' भन्ने सन्देश दिन्छन् । रास्वपाले आफूलाई फरक दाबी गरेको छ भने त्यो फरकपन व्यवहारमा देखिनुपर्छ । अन्यथा 'नयाँ अनुहार, पुरानै संस्कार' भन्ने आलोचना झन् बलियो हुँदै जान्छ ।

**लोकप्रियताबाट शासनतर्फः कठिन संक्रमण**

रास्वपाको सबैभन्दा ठूलो चुनौती भनेको ' आन्दोलन'बाट 'प्रशासन'तर्फको संक्रमण हो । आन्दोलनमा नारा, आवेग र तीव्र प्रतिक्रिया प्रभावकारी हुन सक्छन्, तर शासनमा ती नै कुरा अवरोध बन्न सक्छन् । शासन सञ्चालनका लागि आवश्यक हुन्छ–धैर्य, अध्ययन, कानुनी समझ, संस्थागत समन्वय र दीर्घकालीन सोच ।

पछिल्ला केही निर्णयहरू, विशेषगरी पर्याप्त अध्ययन र परामर्श बिना ल्याइएका नीतिहरू र त्यसपछि लिनुपरेका 'यु-टर्न'हरूले पार्टीको नीतिगत अपरिपक्वता उजागर गरेका छन् । 'ब्रिज कोर्स' सम्बन्धी निर्णय र त्यसको फिर्ता लिने प्रक्रिया यसको एउटा उदाहरण हो । यस्ता निर्णयहरूले सरकारको विश्वसनीयतामा प्रत्यक्ष असर पार्छ ।

राजनीतिमा गल्ती हुनु अस्वाभाविक होइन, तर निर्णय प्रक्रियामा बारम्बारको अस्थिरता देखिनु खतरनाक संकेत हो । यसले जनतामा 'विश्वास' भन्दा 'अनिश्चितता' बढाउँछ ।

**अनुभवहीनता बनाम नयाँ ऊर्जा**

रास्वपाको शक्ति यसको नयाँपन हो–तर यही कुरा यसको कमजोरी पनि बन्न सक्छ । अनुभवहीनता कुनै अपराध होइन, तर त्यसलाई स्वीकार गरेर सुधारको प्रयास नगर्नु ठूलो त्रुटि हो ।

विश्व राजनीतिमा पनि नयाँ शक्तिहरूले यस्तै चुनौतीहरू सामना गरेका छन् । छिमेकी भारतमा आम आदमी पार्टी (आप) को सुरुवाती चरण, इटालीको फाइभ स्टार मुभमेन्टको उतारचढाव–यी सबैले एउटा कुरा स्पष्ट पार्छन्–लोकप्रियता जित्न सजिलो हुन्छ, तर शासन चलाउन संस्थागत दक्षता आवश्यक पर्छ ।

रास्वपाले अहिले यही सिकाइको चरण पार गरिरहेको छ । प्रश्न यो होइन कि गल्ती भयो कि भएन; प्रश्न यो हो–के ती गल्तीबाट सिक्ने इच्छाशक्ति छ ?

**संरचनागत कमजोरी र संगठन निर्माण**

छोटो समयमै विस्तार भएको कुनै पनि राजनीतिक दलमा संरचनागत कमजोरी हुनु स्वाभाविक हो । रास्वपाको हकमा पनि यही देखिन्छ । स्थानीय तहदेखि केन्द्रसम्म सुदृढ संगठन निर्माण नगरी मात्रै शीर्ष नेतृत्वमा निर्भर रहनु दीर्घकालीन रूपमा जोखिमपूर्ण हुन्छ ।

संगठन बलियो नभएसम्म नीतिको कार्यान्वयन प्रभावकारी हुन सक्दैन । निर्णय केन्द्रमा भए पनि त्यसको प्रभावकारिता स्थानीय तहमा निर्भर हुन्छ । यदि त्यहाँ संरचना कमजोर छ भने नीति कागजमै सीमित रहन्छ ।

त्यसैले रास्वपाले अब प्राथमिकता दिनुपर्ने क्षेत्र भनेको संगठन निर्माण हो–सुदृढ, अनुशासित र मूल्यमा आधारित संगठन ।



**नीतिगत स्पष्टता र प्राथमिकताहरू**

लोकप्रियता टिकाउन नारा पर्याप्त हुँदैन; स्पष्ट नीति आवश्यक हुन्छ । रास्वपाले अब केही आधारभूत प्रश्नहरूको स्पष्ट उत्तर दिनुपर्छ–

-आर्थिक सुधार कसरी गर्ने ?
-रोजगारी सिर्जना गर्ने रणनीति के हो ?
-शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधारको खाका के हो ?
-संघीय संरचनामा समन्वय कसरी गर्ने ?

यी प्रश्नहरूको ठोस उत्तर बिना शासन प्रभावकारी हुन सक्दैन ।

**सुशासनः सबैभन्दा ठूलो परीक्षा**

रास्वपाको मुख्य चुनावी आधार 'सुशासन' थियो । तर सुशासन मात्रै भ्रष्टाचार नियन्त्रणमा सीमित हुँदैन । यसको अर्थ हो–

पारदर्शी निर्णय प्रक्रिया
जवाफदेहिता
सेवा प्रवाहमा सुधार
कानुनी शासनको सुदृढीकरण

यदि रास्वपाले यी क्षेत्रमा ठोस उपलब्धि देखाउन सकेन भने यसको सबैभन्दा ठूलो पूँजी–जनविश्वास–गुम्न सक्छ ।

**नेतृत्व शैलीः अहंकार कि विनम्रता ?**

शासनमा सबैभन्दा खतरनाक तत्व हो–अहंकार । ' हामी फरक छौं' भन्ने आत्मविश्वास राम्रो हो, तर 'हामी मात्र सही छौं' भन्ने सोच घातक हुन्छ ।

रास्वपाले आलोचनालाई स्वीकार गर्ने क्षमता विकास गर्नुपर्छ । आलोचना लोकतन्त्रको दुश्मन होइन, सुधारको माध्यम हो । यदि पार्टीले आलोचनालाई शत्रुताको रूपमा लियो भने सुधारको ढोका आफैं बन्द हुन्छ ।

**सामाजिक सञ्जाल बनाम वास्तविक शासन**

रास्वपाको उदयमा सामाजिक सञ्जालको ठूलो भूमिका थियो । तर शासन 'भाइरल' भएर चल्दैन । नीति निर्माण, कानुनी प्रक्रिया, प्रशासनिक समन्वय–यी सबै जटिल प्रक्रिया हुन् ।

सामाजिक सञ्जालमा लोकप्रिय हुनु र वास्तविक शासन सफल हुनु दुई फरक कुरा हुन् । रास्वपाले अब ' डिजिटल लोकप्रियता'बाट 'संस्थागत प्रभावकारिता'तर्फ ध्यान केन्द्रित गर्नुपर्छ ।

**आन्तरिक एकता र भविष्यको जोखिम**

नयाँ दलहरूमा सबैभन्दा ठूलो खतरा बाह्य होइन, आन्तरिक हुन्छ । विचार, प्राथमिकता र रणनीतिमा मतभेद हुनु स्वाभाविक हो, तर त्यसलाई व्यवस्थापन गर्न नसक्दा विभाजनको जोखिम बढ्छ ।

अहिले नै विभिन्न तहमा देखिएका असन्तुष्टि र विवादले संकेत दिएको छ–यदि समयमै व्यवस्थापन गरिएन भने पार्टीभित्रै समस्या उत्पन्न हुन सक्छ ।

**अवसर र चुनौतीको दोसाँध**

रास्वपा अहिले एउटा निर्णायक मोडमा छ । यससँग दुई विकल्प छन्–

लोकप्रियताको लहरमै बगेर विवाद र अस्थिरतामा हराउने

संस्थागत सुधार गर्दै दीर्घकालीन राजनीतिक शक्ति बन्ने

पहिलो बाटो सजिलो छ, दोस्रो कठिन–तर टिकाउ ।

**अन्त्यमा अग्निपरीक्षाको समय**

रास्वपाको वर्तमान अवस्था 'अग्निपरीक्षा'को चरण हो । जनताले दिएको म्यान्डेट मात्रै समर्थन होइन, जिम्मेवारी पनि हो ।

अब प्रश्न यो होइन कि रास्वपा कति लोकप्रिय छ; प्रश्न यो हो–कति सक्षम छ ?

लोकप्रियता क्षणिक हुन सक्छ, तर विश्वास दीर्घकालीन हुन्छ । रास्वपाले यदि आफ्नो ऊर्जा, नयाँपन र जनसमर्थनलाई संस्थागत क्षमतामा रूपान्तरण गर्न सक्यो भने यो नेपाली राजनीतिमा ऐतिहासिक परिवर्तनको वाहक बन्न सक्छ ।

नत्र, इतिहासले यसलाई अर्को 'क्षणिक लहर'का रूपमा मात्र सम्झनेछ ।

अन्ततः राजनीति आवाजको होइन, परिणामको खेल हो । रास्वपाको मूल्याङ्कन पनि यही आधारमा हुनेछ–

कति ठूलो बोलेन, कति राम्रो गऱ्यो ।

# नेकपाले आगामी मङ्सिर ११ देखि १५ गतेसम्म काठमाडौँमा महाधिवेशन गर्ने




काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टीले आगामी मङ्सिरमा एकता राष्ट्रिय महाधिवेशन आयोजना गर्ने घोषणा गरेको छ । पार्टीका संयोजक पुष्पकमल दाहाल ‘ प्रचण्ड’ को अध्यक्षतामा बसेको केन्द्रीय कार्य संयोजन समितिको बैठकले आगामी मङ्सिर ११ देखि १५ गतेसम्म काठमाडौँमा महाधिवशेन गर्ने निर्णय गरेको हो ।

आगामी साउन मसान्तसम्म पार्टी सदस्यता नवीकरण तथा सदस्यता विस्तार अभियान सञ्चालन गर्ने, भदौ १५ गतेसम्म वडा, भदौ १६ देखि मसान्तसम्म पालिका, असोज मसान्तसम्म जिल्ला र कात्तिक १५ गतेसम्म प्रदेश अधिवेशन सम्पन्न गर्ने निर्णय गरेको सो पार्टीका प्रवक्ता प्रकाश ज्वालाले जानकारी दिनुभयो ।

आगामी जेठ मसान्तभित्र केन्द्र, प्रदेश, जिल्ला, स्थानीय पालिका, वडा तथा टोल तहसम्मका सङ्गठनात्मक र पार्टी तथा जनवर्गीय/मोर्चा सङ्गठनहरूको एकीकरण तथा समायोजन गरिसक्ने प्रवक्ता ज्वालाद्वारा शनिबार जारी विज्ञप्तिमा जनाइएको छ । पार्टीको वडादेखि केन्द्रसम्मका सबै कमिटी समानुपातिक र समावेशी मान्यताअनुसार निर्वाचित हुने र निर्वाचित कमिटीमा अनुभवी, प्रौढ र युवा तथा नवयुवाको समावेशीता रहने छ । युवा र नवयुवाको प्रतिनिधित्व ५० प्रतिशतसम्म पुर्‍याइने पार्टीले जनाएको छ ।

नेकपाले नेताहरू देवप्रसाद गुरुङ, प्रकाश ज्वाला, प्रेमबहादुर सिंह, रनध्वज लिम्बू, रेखा शर्मा, गणेश विश्वकर्मा, वरिष्ठ अधिवक्ताद्वय डा मुक्तिनारायण प्रधान र डा खिमलाल देवकोटा, अधिवक्ता जगदेव चौधरी, डम्बर बिक्रम कार्की र डा रामबहादुर चौधरी रहेको संविधान संशोधन सुझाव कार्यदल गठन गरेको छ ।

पार्टी एकीकरणपश्चात गठन भएको कार्यसंयोजन समितिको गत चैत १९ देखि यही वैशाख १४ सम्म चलेको बैठकले पार्टीको अन्तरिम विधान-२०८२ अनुसार पार्टीको केन्द्रीय कार्यसमितिलाई पूर्णता दिने निर्णय गरेको प्रवक्ता ज्वालाले जानकारी दिनुभयो । रासस

# सुरक्षित, समावेशी तथा दिगो ‘डिजिटल इकोसिस्टम’ निर्माण सरकारको प्रमुख प्राथमिकता हो: सञ्चारमन्त्री तिमिल्सिना

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले सुरक्षित, विश्वसनीय, समावेशी तथा दिगो ‘डिजिटल इकोसिस्टम’ निर्माण सरकारको प्रमुख प्राथमिकता भएको बताउनुभएको छ ।

शनिबार राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवस, २०८३ का अवसरमा शुभकामना सन्देश जारी गर्नुहुँदै उहाँले सुशासन, सेवा प्रवाह, आर्थिक विकास, उद्यमशीलता तथा नागरिक सशक्तीकरणका लागि सूचना प्रविधि अब विकल्प नभई आधारभूत आवश्यकता भएको बताउनुभयो । उहाँले सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा क्रियाशील उद्यमी, नवप्रवर्तक, प्राविधिक जनशक्ति, ‘स्टार्टअप’ समुदाय, निजी क्षेत्र, अनुसन्धानकर्ता, विद्यार्थी तथा सम्पूर्ण सरोकारवालामा हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ ।



उहाँले नेपाल सरकार डिजिटल नेपाल निर्माणको लक्ष्यलाई व्यवहारमा उतार्दै सार्वजनिक सेवा प्रणालीलाई थप सरल, पारदर्शी, उत्तरदायी र नागरिकमैत्री बनाउने दिशामा अघि बढिरहेको उल्लेख गर्नुभएको छ। “यसै सन्दर्भमा मन्त्रालयले आगामी दशक-लक्षित दीर्घकालीन सूचना प्रविधि रणनीति निर्माण तथा डिजिटल सार्वजनिक पूर्वाधारको विकासलाई उच्च प्राथमिकतामा राखेको छ, नागरिक ‘एप’लाई थप सुदृढ र प्रभावकारी बनाउँदै नागरिकले राज्यका अत्यावश्यक सेवाहरु एउटै डिजिटल ‘प्लेटफर्म’मार्फत सहज रुपमा प्राप्त गर्न सक्ने व्यवस्था विस्तार गरिँदैछ,” उहाँले भन्नुभएको छ ।

नेपाललाई डिजिटल नवप्रवर्तन, सूचना प्रविधि सेवा, ‘डेटा’ अर्थतन्त्र तथा ‘ आर्टिफिसियल इन्टेलिजेन्स’ (एआई) को क्षेत्रीय केन्द्रका रूपमा विकास गर्ने उद्देश्यसहित राष्ट्रिय एआई नीति, राष्ट्रिय ‘साइबर’ सुरक्षा नीति तथा सूचना प्रविधिसम्बन्धी कानुनी तथा संस्थागत संरचनाको सुधारलाई मन्त्रालयले तीव्रता दिएको उहाँको भनाइ छ ।

देशभर उच्च गतिको ‘ब्रडब्यान्ड इन्टर नेट’ विस्तार, सरकारी ‘डाटा सेन्टर’ तथा ‘ डिजास्टर रिकभरी’ प्रणालीको सुदृढीकरण, डिजिटल साक्षरता अभिवृद्धि, तथा दक्ष सूचना प्रविधि जनशक्ति उत्पादनमार्फत डिजिटल विभाजन न्यूनीकरण गर्दै डिजिटल समावेशिता सुनिश्चित गर्ने दिशामा सरकार प्रतिबद्ध रहेको उहाँले बताउनुभयो । साथै सूचना प्रविधि क्षेत्रलाई रोजगारी सिर्जना, युवा प्रतिभा प्रवर्द्धन, स्टार्टअप विकास तथा राष्ट्रिय अर्थतन्त्रको नयाँ वृद्धि इन्जिनका रूपमा स्थापित गर्ने लक्ष्य लिएको उहाँको भनाइ छ ।

“डिजिटल रूपान्तरण सरकार मात्रको प्रयासले सम्भव हुँदैन । यस अभियानमा निजी क्षेत्र, प्राज्ञिक संस्था, विकास साझेदार, सञ्चारमाध्यम, प्रविधि समुदाय तथा सम्पूर्ण नागरिकको सक्रिय सहकार्य अपरिहार्य छ । समृद्ध, आधुनिक र डिजिटल नेपाल निर्माणको साझा यात्रामा सबैलाई हातेमालो गर्न हार्दिक आह्वान गर्दछु,” मन्त्री तिमिल्सिनाले शुभकामना सन्देशमा भन्नुभएको छ । रासस

# सडक सुरक्षा प्रणाली सुधार्ने सरकारको प्रतिबद्धता

काठमाण्डु। सरकारले देशभरका सडक सुरक्षा प्रणालीमा नीतिगत एवं संरचनागत सुधार गर्न प्रतिबद्ध रहेको जनाएको छ ।

गत बिहीबार रोल्पाको थवाङ गाउँपालिका-१ सल्यापमा भएको जिप दुर्घटनामा २० जनाको ज्यान गएको घटनाप्रति दुःख व्यक्त गर्दै सरकारले दुर्घटना छानबिन समितिको प्रतिवेदन तत्काल कार्यान्वयन गर्ने बताएको छ ।

दुर्घटनाको सुक्ष्म छानबिन गरी सत्यतथ्य सार्वजनिक गर्न प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको गृह मन्त्रालयले गठन गरेको समितिले प्रस्तुत गर्ने प्रतिवेदनका निष्कर्ष र सुझावलाई तत्काल कार्यान्वयन गर्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयले शनिबार एक विज्ञप्ति निकालेर जनाएको छ ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षकको संयोजकत्वमा गठित समितिको समयावधि आज समाप्त हुँदैछ । सडक दुर्घटना नागरिकको जीवन र परिवारको भविश्यसँग जोडिएको संवेदनशील विषय भएकाले प्राविधिक तथा मानवीय कमजोरी सुधार्न सरकार दृढताका साथ अघि बढ्ने प्रतिबद्धता विज्ञप्तिमा व्यक्त गरिएको छ । रासस

# एमाले युवाहरूको पुनर्जागरण भेला

काठमाण्डु । नेकपा (एमाले)का केन्द्रीय सदस्यसहितका युवा नेताहरूले काठमाडौंमा पुनर्जागरण भेला गरेका छन्।

मीनभवनमा शनिबार दिउँसो केन्द्रीय सदस्य झपट रावल, नरेश रोकाया, समिक बडालसहितको उपस्थितिमा पुनर्जागरण भेला भइरहेको छ।

उनीहरूले केपी शर्मा ओलीलाई अध्यक्षबाट हटाउनुपर्ने विषयमा छलफल र बहस चलाएका हुन्।

भेलामा पूर्वकेन्द्रीय सदस्यहरू नवीना लामा, राकेश पौडेल, अनेरास्ववियू पूर्वअध्यक्ष सुजन कडरिया, बुद्धिजीवी परिषद अध्यक्ष गजेन्द्र थपलिया, युवा संघ उपमहसचिव उपेन्द्र शाही, अनेरास्ववियु उपमहासचिव कमल जोशी सहभागी छन्।

यसअघि केही सदस्यले विशेष महाधिवेशन माग गर्दै हस्ताक्षरसमेत संकलन गरेका थिए । नयाँ सरकार गठनपछि अध्यक्ष ओली पक्राउ परेसँगै एमालेभित्र पार्टी पुनर्गठनको माग मुखरित हुन थालेको थियो।

पार्टीका केन्द्रीय पदाधिकारीहरू नै पुनर्गठनबारे खुल्न थालेका छन्। केन्द्रीय सचिवालयका अधिकांश नेताहरू पुनर्गठनको पक्षमा देखिएका छन्।

पत्थरीको शल्यक्रियापछि ओली अझै तंग्रिएका छैनन्। उनी अहिले घरमै आराम गरेर बसिरहेका छन्। रासस

# मुक्तकमैयालगायत समुदायका समस्या समाधान गर्न सरकार प्रतिबद्ध छ: मन्त्री चौधरी

कञ्चनपुर । कृषि तथा पशुपन्छी विकास, वन तथा वातावरणमन्त्री गीता चौधरीले मुक्तकमैया समुदायका गाँस, बास, शिक्षा, स्वास्थ्य र रोजगारीका समस्या समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।



मुक्तकमैया समाज जिल्ला समिति कञ्चनपुरको आयोजनामा शुक्लाफाँटा नगरपालिका-१० झलारीस्थित खुला मञ्चमा शनिबार आयोजित जागरणसभामा उहाँले मुक्तकमैया, हलिया, हरवाचरवा तथा कम्लरीको अधिकारको लडाइँमा सरकार सँगसँगै अगाडि बढ्ने बताउनुभयो।

आफू यसै समुदायकी छोरी भएकाले यस क्षेत्रप्रति अझ जिम्मेवार भएर काम गर्ने उल्लेख गर्दै मन्त्री चौधरीले भूमिसम्बन्धी समस्या समाधानलाई प्राथमिकतामा राखेर काम गर्ने धारणा राख्नुभयो । “तपाईंहरूको समस्या मेरो समस्या पनि हो, म यसबारे जानकार छु । त्यसैले अधिकारको लडाइँमा म र सरकार तपाईंहरूसँगै छ”, उहाँले भन्नुभयो ।

कार्यक्रममा प्रतिनिधिसभा सदस्य कृपाराम रानाले मुक्तकमैया, कम्लरी, हलियालगायत आरक्ष पीडितहरूकोन्यायिकपुनःस्थापनका लागि सरकार गम्भीर हुनुपर्नेमा जोड दिनुभयो । “कतिपयसँग लालपुर्जा छ, तर जग्गा छैन । कतै जग्गा छ, तर लालपुर्जा छैन”, उहाँले भन्नुभयो, “दिइएको जग्गा नदी किनार वा वन क्षेत्र नजिक भएकाले प्रयोगयोग्य छैन, बाढीपहिरोको जोखिममा बस्नुपर्ने बाध्य छन्, अब यस्तो अवस्था अन्त्य हुनुपर्छ ।”

प्रतिनिधिसभा सदस्य ज्ञानेन्द्रसिंह महतले मुक्तिको घोषणा मात्रै पर्याप्त नहुने भन्दै पुनःस्थापना, सुरक्षित आवास र आधारभूत सेवाको सुनिश्चितताका लागि सरकारले काम गर्नुपर्ने बताउनुभयो । “मलाई विश्वास छ, अब नागरिकले सरकार खोज्दै हिँड्नुपर्ने अवस्था छैन, सरकार नै नागरिकसम्म पुगेर समस्या समाधानमा केन्द्रित हुन्छ”, उहाँले भन्नुभयो ।

मुक्तकमैया समाजका केन्द्रीय अध्यक्ष पशुपति चौधरीले मुक्त घोषणा भएको दुई दशकभन्दा बढी समय भइसक्दा पनि अधिकांश समस्या समाधान हुन नसकेको गुनासो गर्नुभयो । “केही परिवारको पुनःस्थापना भए पनि तीन हजारभन्दा बढी मुक्तकमैया परिवार अझै पुनःस्थापनाको पर्खाइमा छन्”, उहाँले भन्नुभयो, “धेरैले परिचयपत्र पाएका छन् तर जग्गा पाएका छैनन् । राज्यबाट पाउने सुविधाको सुनिश्चितता गर्न सरकारले काम गर्नुपर्छ ।”

जागरणसभाका अन्य वक्ताहरूले मुक्त कमैया समुदायको दिगो पुनःस्थापना, भूमि व्यवस्थापन, शिक्षा, स्वास्थ्य, रोजगारी तथा आधार भूत सेवामा पहुँच सुनिश्चित गर्न राज्यले प्रभावकारी नीति र त्यसको कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका थिए ।

**मन्त्री चौधरीद्वारा दैजी छेला औद्योगिक क्षेत्रको अवलोकन**

मन्त्री चौधरीले शनिबारै यहाँको बेदकोट नगरपालिकास्थित दैजी छेला औद्योगिक क्षेत्रको अवलोकन गर्नुभएको छ। उहाँसँगै प्रतिनिभिसभा सदस्य राना, महता, बेदकोट नगरपालिका प्रमुख भोजराज बोहरालगायतले त्यस क्षेत्रको अवलोकन गर्नुभएको हो ।

त्यसक्रममा मन्त्री चौधरीले ओद्योगिक क्षेत्रको निर्माण प्रक्रियाका विषयमा बुझेर प्रक्रिया अघि बढाउन सहजीकरण गर्ने प्रतिबद्धता जनाउनुभयो । “सरकारले कानुनी तथा प्रशासनिक सुधारमार्फत समस्या समाधान गर्ने काम गरिरहेको छ”, उहाँले भन्नुभयो, “जनताका अपेक्षालाई निराशामा परिणत हुन नदिने गरी अहोरात्र खटेर काम गरिरहेका छौँ । औद्योगिक क्षेत्रलगायत स्थानीयका माग सम्बोधनका लागि आवश्यक पहल गर्न म प्रतिबद्ध छु ।”

तीन दशकदेखि चर्चामा रहेको कञ्चनपुरको बेदकोटस्थित दैजी छेला औद्योगिक क्षेत्र पाँच वर्षअघि शिलान्यास भएको थियो, तर निर्माणकार्य अगाडि बढ्न सकेको छैन । करिब ९०० बिघा क्षेत्रफल, रु नौ अर्ब लागत अनुमान र २२ हजार रोजगारीको अपेक्षा गरिए पनि वन फँडानी र प्रक्रियागत जटिलताका कारण काम अगाडि बढ्न नसकेको जनाइएको छ । रासस

# पाण्डेलाई थुनामुक्त गर्न माग



काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का महामन्त्री डा. धवल शमशेर राणाले पार्टीका वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डेमाथि सरकारले निष्पक्ष र तथ्यगत छानबिन गर्नुपर्ने बताएका छन् । तर अनुसन्धानकै लागि पाण्डेलाई थुनामा राख्नु न्यायसंगत र औचित्यपूर्ण नभएको उनको तर्क छ ।

‘छानबिनसँग सम्बन्धित अभिलेख राज्यकै मातहत रहेको अवस्थामा, जनताबाट पटकपटक अनुमोदित व्यक्तित्व विक्रम पाण्डेले प्रमाण नष्ट गर्ने, भाग्ने वा अनुसन्धानलाई असहयोग गर्ने आधार रहँदैन,’ उनले शनिबार सामाजिक सञ्जालमा लेखेका छन्, ‘यसर्थ अनुसन्धानकै लागि थुनामा राख्नु न्यायसंगत र औचित्यपूर्ण देखिँदैन ।’

महामन्त्री राणाले न्यायसंगत रूपमा पाण्डेलाई थुनामुक्त गरेर अनुसन्धान अघि बढाउन सरकारको ध्यानाकर्षण गराएका छन् । उनले यस विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्न पार्टी नेतृत्वसमक्ष अनुरोध गरेका छन् ।

उनले लेखेका छन्, ‘लामो समय सार्वजनिक जीवनमा सक्रिय रहेका नेता पाण्डे देशकै प्रतिष्ठित र अग्रणी व्यवसायी हुन् । राष्ट्रिय गौरवका योजनाहरूमा उनको संलग्नता रहँदै आएको विदितै छ । देशको अर्थतन्त्र, विकास तथा रोजगारी लगायतका क्षेत्रमा सकारात्मक योगदानका खातिर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा उनी पटकपटक सम्मानित भएका छन् ।’

‘यसकारण न्यायसंगत रूपमा उनलाई थुनामुक्त राखेर अनुसन्धान अघि बढाउन सरकारको ध्यानाकर्षण गर्दछु र देशभरिका नेता, कार्यकर्ता, समर्थक, शुभेच्छुक तथा आम जनसमुदायको भावनासमेत कदर गर्दै यस विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्न पार्टी नेतृत्वसमक्ष अनुरोध गर्दछु,’ उनले भने ।रासस

# राष्ट्रपतिसंग कांग्रेस नेता आङ्देम्बेको भेट



काठमाण्डु । प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दल नेता भीष्मराज आङ्देम्बेले राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटवार्ता गरेका छन्।

शनिबार बिहान शीतलनिवास पुगेर आङ्देम्बेले राष्ट्रपति पौडैललाई भेटवार्ता गरेका हुन्।

राष्ट्रपति पौडेलसँग आङ्देम्बेले करिब १ घन्टा छलफल गरेको कांग्रेस केन्द्रीय कार्यालयले जनाएको छ। छलफल समसामयिक विषयमा भएको भनिएको छ।

आङ्देम्बेले सरकारले सिफारिस गरेको अध्यादेशहरूबारेमा विपक्षी दलहरुको धारणा राष्ट्रपतिलाई अवगत गराएका थिए।

सरकारको सिफारिसमा राष्ट्रपति पौडेलले वैशाख १७ गते संसदको दुवै सदनको अधिवेशन आह्वान गरेका थिए।

बैशाख १० गते बसेको मन्त्रिपरिषद् बैठकले आह्वान भइसकेको अधिवेशन स्थगित गर्न राष्ट्रपतिलाई सिफारिस गरेको थियो। सोहीअनुसार राष्ट्रपति पौडेलले अधिवेशन स्थगित गरेका थिए।

त्यसपछि सरकारले विभिन्न ६ वटा अध्यादेश जारीका लागि राष्ट्रपतिकहाँ सिफारिस गरेको थियो।

संवैधानिक परिषद सम्बन्धी, सहकारी सम्बन्धी, विश्वविद्यालय र स्वास्थ्य प्रतिष्ठान सम्बन्धी, सार्वजनिक पदाधिकारीको पदमुक्तिसम्बन्धी, सार्वजनिक खरिदसम्बन्धी अध्यादेश जारी गर्न सिफारिस भएको छ।

सरकारको सिफारिसमा राष्ट्रपति पौडेलेले सहकारीसम्बन्धी अध्यादेश, सार्वजनिक खरिद सम्बन्धि अध्यादेश, सम्पत्ति शुद्धीकरणसम्बन्धी अध्यादेश जारी गरिसकेका छन्।

अध्यादेश जारी गर्न सिफारिस भएपछि झन्डै दुई तिहाईको सरकारले संसद छलेको भन्दै विपक्षी दलहरूले आलोचना गर्दै आएका छन्। रासस

# ‘ज्ञ’ क्रान्तिको खाका आवश्यक छ – शंकर पोखरेल

काठमाण्डु । नेकपा (एमाले) का महासचिव शंकर पोखरेलले विस्थापित सुकुम्बासीका लागि ‘ज्ञ’ क्रान्तिको खाका ल्याउन प्रधानमन्त्री बालेन शाहलाई आग्रह गरेका छन्।



शनिबार फेसबुकमा स्ट्याटस लेखेर महासचिव पोखरेलले बस्तीमा डोजर चलाएर बिस्थापित गरिएका हजारौंलाई पुनः स्थापना गर्न ‘ज्ञ’ क्रान्तिको खाका आवश्यक रहेको पोखरेलले बताएका हुन्।

‘वास्तविक क्रान्ति ज्ञ (ज्ञान) बाट सुरु हुन्छ,’ भन्ने प्रधानमन्त्रीले आजको यो संकटमा कस्तो क्रान्तिकारी कदम चाल्दै हुनुहुन्छ? प्रभावित तथा असुरक्षित महसुस गरिरहेका सुकुम्बासी नागरिकलाई स्पष्ट योजनाका साथ समयमै आश्वस्त पार्नुपर्ने हैन र?,’ उनले लेखेका छन्।

महासचिव पोखरेलले २०७५ मा बारा-पर्सामा आएको भीषण आँधीले घरबारविहीन भएकाहरूको पुनःस्थापनाका लागि त्यतिबेलाको सरकारले छोटो समयमै आवास निर्माण गरेको स्मरण गरे।

‘२०७५ सालमा वारा-पर्सामा आएको भीषण आँधीले २८ भन्दा बढी नागरिकको ज्यान लियो, ११५० भन्दा बढी घाइते भए, झण्डै २५०० घरमा क्षति पुग्यो र हजारौं मानिस घरवारविहीन बने। त्यो बेला सरकारले छोटो समयमै आवास निर्माण गरी प्रभावित नागरिकलाई पुनःस्थापित गरेको थियो–यो राज्यको जिम्मेवारीप्रति देखिएको सकारात्मक उदाहरण थियो,’ उनले लेखेका छन्।

अहिले अवस्था फरक देखिएको महासचिव पोखरेलले बताएका छन्। ‘सरकारले आफैं सुकुम्बासी बस्तीमा डोजर चलाएर हजारौंलाई घरवारविहीन बनाएको छ। बर्खा आउनुअघि पुनःस्थापना नगर्ने हो भने गम्भीर मानवीय संकट निम्तिने निश्चित छ। अस्थायी सेल्टरहरूको दयनीय अवस्था त्यहाँ पुग्नेहरूलाई फोटो खिच्न समेत रोक लगाइएको तथ्यले स्पष्ट पार्छ,’ उनले लेखेका छन् ।रासस

# डिजिटल रूपान्तरणमा चीनको बढ्दो प्रभाव



सिन्ह्वा

बेइजिङ। चीनको फुझोउ शहरमा आयोजित नवौं डिजिटल चीन शिखर सम्मेलनमा उन्नत प्रविधि र डेटा विकासका विविध प्रयोगहरू प्रस्तुत गरिएका छन्।

करिब ५६ हजार वर्ग मिटर क्षेत्रफलमा फैलिएको प्रदर्शनीमा मानवजस्तै रोबोटहरूले आगन्तुकलाई स्वागत गरेका छन्, जहाँ लेखन गर्ने, चिया बनाउने तथा खेल खेल्ने रोबोटहरूले वास्तविक जीवनमा प्रविधिको प्रयोग देखाएका छन्।

आगलागी जस्ता जोखिमपूर्ण अवस्थामा प्रयोग हुने सुरुङ निरीक्षण तथा उद्धार रोबोटदेखि स्वचालित रूपमा अवरोध छल्ने चारखुट्टे रोबोटसम्मका नवीन उपकरणहरू प्रदर्शनमा राखिएका छन्। करिब ४०० उद्यमहरूले ६ हजारभन्दा बढी अत्याधुनिक प्रविधि र उत्पादन सार्वजनिक गरेका छन्, जसमा चिप, औद्योगिक मोडेल र बुद्धिमान प्रणालीहरू समावेश छन्।

यससँगै कृषि, उत्पादन, स्वास्थ्य र पर्यटन क्षेत्रमा डेटा एकीकरणका करिब १०० उदाहरण पनि प्रस्तुत गरिएका छन्। उच्च गुणस्तरको डेटा कृत्रिम बुद्धिमत्ता विकासका लागि अत्यन्त आवश्यक बन्दै गएको बताइएको छ, विशेषगरी मानवजस्तै रोबोट विकासमा डेटा अभाव चुनौतीका रूपमा देखिएको छ।

शिक्षा क्षेत्रमा कृत्रिम बुद्धिमत्ताले पाठ्यसामग्री निर्माणको समय एक हप्ताबाट एक घण्टामा झारेको छ भने स्वास्थ्य क्षेत्रमा परम्परागत चिनियाँ चिकित्सा प्रणालीलाई डिजिटल बनाउँदै सेवा गुणस्तर सुधारिएको छ।

आगामी श्रमिक दिवस बिदाको अवसरमा पनि यो प्रदर्शनी सर्वसाधारणका लागि खुला रहनेछ, जहाँ सयभन्दा बढी परियोजनामार्फत प्रविधिको प्रत्यक्ष अनुभव लिन सकिनेछ।

# अमेरिकाद्वारा क्युबामाथि थप कडा आर्थिक प्रतिबन्ध

सिन्ह्वा

न्यूयोर्क। अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले क्युबा सरकारमाथि थप कडा आर्थिक प्रतिबन्ध लगाउने उद्देश्यसहित नयाँ कार्यकारी आदेश जारी गर्नुभएको छ, जसले पहिलेदेखि लागू रहेका प्रतिबन्धहरूलाई अझ विस्तार र कडाइका साथ लागू गर्ने संकेत दिएको छ।

य स आदेशअनुसार अमेरिकाभित्र रहेका अमेरिकी नागरिक, संस्था वा व्यक्तिको नियन्त्रणमा रहेका क्युबासँग सम्बन्धित व्यक्तिहरूका सबै प्रकारका सम्पत्ति र आर्थिक हितहरू रोक्का गरिनेछन्। यस्तो सम्पत्ति अब स्थानान्तरण गर्न, बिक्री गर्न, भुक्तानी गर्न वा अन्य कुनै आर्थिक कारोबारमा प्रयोग गर्न पाइने छैन। यसले क्युबासँग जोडिएका व्यक्तिहरूको आर्थिक गतिविधिलाई प्रत्यक्ष रूपमा सीमित गर्नेछ।

यो प्रतिबन्ध विशेष रूपमा क्युबाको अर्थतन्त्रका प्रमुख क्षेत्रहरूलाई लक्षित गरिएको छ। ऊर्जा, रक्षा तथा सैन्य सामग्री, धातु तथा खानी, वित्तीय सेवा र सुरक्षा क्षेत्रसँग सम्बन्धित व्यक्ति तथा संस्थाहरू यस आदेशको दायरामा पर्नेछन्। साथै, भविष्यमा आवश्यक ठानिएमा अन्य क्षेत्रहरू पनि समावेश गर्न सकिने अधिकार सम्बन्धित निकायलाई दिइएको छ।

यस आदेशको अर्को महत्वपूर्ण पक्ष भनेको 'दोस्रो स्तरको प्रतिबन्ध' हो। यसको अर्थ, क्युबा सरकार वा प्रतिबन्धित व्यक्ति तथा संस्थासँग आर्थिक कारोबार गर्ने विदेशी व्यक्ति, बैंक वा वित्तीय संस्थाहरू पनि कारबाहीको दायरामा पर्नेछन्। यसले क्युबालाई अन्तर्राष्ट्रिय बैंकिङ प्रणालीमा पहुँच गर्न अझ कठिन बनाउनेछ, किनकि अन्य देशका बैंकहरू पनि अमेरिकी कारबाहीको डरले क्युबासँग कारोबार गर्न हिच्किचाउन सक्छन्।




त्यसैगरी, अमेरिकी सरकारले कुनै पनि विदेशी वित्तीय संस्थाले क्युबा सरकारसँग सम्बन्धित व्यक्तिका लागि महत्वपूर्ण कारोबार गरेको पाइएमा त्यसमाथि प्रतिबन्ध, जरिवाना वा अन्य कारबाही गर्न सक्नेछ। यसले क्युबाको अन्तर राष्ट्रिय व्यापार र लगानीमा थप अवरोध सिर्जना गर्न सक्छ।

यो आदेश कार्यान्वयन गर्न अमेरिकी विदेश सचिव र कोष सचिवलाई आवश्यक सबै कदम चाल्ने अधिकार प्रदान गरिएको छ। यसले अमेरिकी प्रशासन क्युबामाथि आर्थिक दबाब बढाएर आफ्नो नीतिगत लक्ष्य हासिल गर्न चाहने देखाउँछ।

अमेरिकाले क्युबामाथि करिब ६० वर्षभन्दा बढी समयदेखि विभिन्न प्रकारका प्रतिबन्ध लगाउँदै आएको छ। सन् १९६२ मा औपचारिक रूपमा व्यापक व्यापार नाकाबन्दी लागू गरिएको थियो, जसले दुई देशबीचको आर्थिक सम्बन्धलाई लगभग पूर्ण रूपमा रोकिदिएको थियो। त्यसयता केही समय प्रतिबन्धहरू खुकुलो पारिए पनि धेरैजसो अवस्थामा ती कडा नै रहँदै आएका छन्।

यस नयाँ कदमले क्युबाको अर्थतन्त्रमा थप दबाब पर्ने सम्भावना छ। साथै, यसले अमेरिका र क्युबाबीचको राजनीतिक सम्बन्धमा थप तनाव उत्पन्न गर्ने र अन्तर्राष्ट्रिय स्तरमा पनि विभिन्न प्रतिक्रिया आउने सम्भावना रहेको छ।

# इटालीलाई हराउँदै नेपाल दोस्रो




काठमाण्डु। रुवान्डामा भएको आइसिसी उमन्स टि ट्वान्टी आई च्यालेन्जमा नेपाल दोस्रो भएको छ। वर्षाले प्रभावित खेलमा नेपालले इटालीलाई ८ विकेटले हराउँदै दोस्रो भएको हो।

वर्षाको कारण ७ ओभरमा घटाइएको खेलमा ३७ रनको लक्ष्य नेपालले ३.३ ओभरमा २ विकेट गुमाएर पूरा गर्‍यो। पूजा महतोले ६ बल खेल्दै ३ चौका सहित सर्वाधिक १३ रन जोडिन्।

सम्झना खड्का अविजित ९ रनमा रहँदा कप्तान इन्दु बर्माले ९ रन बनाएर रन आउट भइन्। रूबि पोद्दार अविजित ४ रनमा क्रिजमा रहिन्। बलिङमा इमा मोरेले १विकेट लिइन्।

त्यसअघि पहिले ब्याटिङ गरेको इटालीले ७ ओभरमा ६ विकेट गुमाउँदै मात्र ३६ रन बनायो। कप्तान इमिलिया बत्रामले १४ रन बनाउँदा एलेक्सिया कान्टोपुराकिसले ८ रन र मेथनारा राथनायकेले ६ रन जोडिन्।

बलिङमा मनिषा उपाध्यायले २ ओभरमा १० रन दिएर ३ विकेट लिइन्। पूजा र कविता कुँवरले १/१ विकेट झारे।

आठ खेलमा पाँचौं जित सहित १० अंकका साथ नेपालले दोस्रो स्थानमा यो प्रतियोगिता सकायो। अमेरिका १३ अंक सहित च्याम्पियन बन्यो।

नेपाल अमेरिकासँगको दुवै खेलमा र भानुआतुसँगको पहिलो खेलमा पराजित भयो। नेपालले इटाली र रुवान्डालाई दुवै खेलमा हरायो भने दोस्रो खेलमा भानुआतुलाई पनि पराजित गरेको थियो।

आजै रुवान्डा र अमेरिकाबीचको खेल वर्षाको कारण रद्द हुँदा रुवान्डा ९ अंक सहित तेस्रो भयो।

# युरोपमा अमेरिकी प्रभाव घट्ने सङ्केत, जर्मनीबाट सैनिक फिर्ता

सिन्ह्वा

वासिङ्टन। अमेरिकी रक्षा मन्त्रालयले जर्मनीबाट करिब पाँच हजार अमेरिकी सैनिक फिर्ता गर्ने योजना बनाएको छ, जसले अमेरिका-युरोप सम्बन्धमा नयाँ तनावको सङ्केत गरेको छ।

शुक्रबार सार्वजनिक विवरणअनुसार, एक वरिष्ठ रक्षा अधिकारीले नाम नखुलाउने सर्तमा बताएअनुसार यो योजना हाल विचाराधीन अवस्थामा रहेको छ। जर्मनीका चान्सलर फ्रिडरिख मर्जले हालै इरानसँग सम्बन्धित अमेरिकी सैन्य गतिविधिबारे गरेको टिप्पणीलाई 'अनुचित र सहयोगी नभएको' भन्दै अमेरिकी पक्ष असन्तुष्ट देखिएको छ।

यसअघि मर्जले अमेरिकाको इरानसँगको सैन्य संलग्नतालाई 'योजना विहीन' भन्दै आलोचना गर्नुभएको थियो। उहाँले अमेरिकालाई इरानी नेतृत्वबाट 'अपमानित भइरहेको' आरोपसमेत लगाएका थिए। यी टिप्पणीहरूले दुई देशबीच कूटनीतिक तनाव बढाएको देखिन्छ।

यसको प्रतिक्रिया स्वरूप अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जर्मन नेतृत्वमाथि कडा टिप्पणी गर्दै मर्जले 'के बोलिरहेका छन् भन्ने थाहा नभएको' बताउनुभएको थियो। साथै, उहाँले इरानको आणविक महत्वाकांक्षाप्रति जर्मनी गम्भीर नभएको आरोप पनि लगाएका थिए।



ट्रम्पले सामाजिक सञ्जालमार्फत जर्मनीमा रहेका अमेरिकी सैनिक सङ्ख्या घटाउने सम्भावना रहेको सङ्केत दिनुभएको छ र यसबारे निर्णय 'छोटो समयमै' हुने बताउनुभयो। उहाँले स्पेन र इटालीमा पनि अमेरिकी सैनिक उपस्थिति घटाउन सकिने बताउनुभयो। युरोपेली सहयोगी देशहरूले अमेरिका-इजरायल र इरानबीचको द्वन्द्वमा पर्याप्त सहयोग नगरेको भन्दै उहाँले ती देशहरूको आलोचना गर्नुभयो। जर्मनीका विदेशमन्त्री जोहान वाडेफुलले सम्भावित सैनिक कटौतीका लागि आफ्नो देश तयार रहेको बताउनुभयो। उहाँले यसलाई परिस्थितिअनुसार सामना गरिने विषयका रूपमा लिएको सङ्केत दिनुभएको छ।

हालको तथ्याङ्कअनुसार, गत वर्षको अन्त्यसम्म जर्मनीमा ३६ हजार भन्दा बढी अमेरिकी सक्रिय सैनिक तैनाथ छन्। यसबाहेक करिब एक हजार ५०० आरक्षित सैनिक र ११ हजार ५०० नागरिक कर्मचारी पनि त्यहाँ रहेका छन्। जर्मनीमा अमेरिकी युरोप कमाण्ड र अफ्रिका कमाण्डको मुख्यालय रहेको छ, र रामस्टाइन हवाई अड्डा अमेरिकी सैन्य सञ्चालनका लागि महत्वपूर्ण केन्द्रका रूपमा परिचित छ।

# पाकिस्तानमा महँगीको असर गहिरिँदै, अप्रिलमा मुद्रास्फीति उच्च

सिन्ह्वा

इस्लामाबाद। पाकिस्तानमा वस्तु तथा सेवाको मूल्यमा भएको वृद्धि अर्थात् मुद्रास्फीति अप्रिल महिनामा उल्लेखनीय रूपमा बढेको छ। वार्षिक रूपमा हेर्दा मुद्रास्फीति दर १०.९ प्रतिशत पुगेको छ, जुन अघिल्लो महिना मार्चमा रहेको ७.३ प्रतिशतको तुलनामा धेरै उच्च हो। यसले देशमा मूल्य वृद्धि तीव्र गतिमा भइरहेको संकेत गर्दछ।

आधिकारिक तथ्यांक अनुसार, मासिक रूपमा पनि मूल्यमा उल्लेखनीय वृद्धि देखिएको छ। अप्रिल महिनामा मात्रै मुद्रास्फीति २.५ प्रतिशतले बढेको छ, जबकि मार्च महिनामा यो वृद्धि १.२ प्रतिशत मात्र थियो। यसले छोटो अवधिमै मूल्य वृद्धि दर तीव्र भएको देखाउँछ।

सहरी र ग्रामीण दुवै क्षेत्रमा मुद्रास्फीति बढेको छ। शहरी क्षेत्रमा वार्षिक रूपमा मुद्रास्फीति ११.१ प्रतिशत पुगेको छ, जुन मार्च महिनामा ७.४ प्रतिशत थियो। यसको अर्थ शहरमा बसोबास गर्ने मानिसहरूले दैनिक उपभोगका वस्तु र सेवाहरूमा बढी मूल्य तिर्नुपरेको छ। त्यस्तै, ग्रामीण क्षेत्रमा पनि मुद्रास्फीति १०.६ प्रतिशत पुगेको छ, जुन अघिल्लो महिनाको ७.२ प्रतिशतभन्दा उल्लेखनीय रूपमा बढी हो। यसले गाउँ क्षेत्रमा पनि जीवनयापन खर्च बढ्दै गएको देखाउँछ।



मासिक आधारमा हेर्दा, शहरी क्षेत्रमा मूल्य वृद्धि २.७ प्रतिशत पुगेको छ, जुन मार्च महिनाको १.३ प्रतिशतभन्दा बढी हो। ग्रामीण क्षेत्रमा पनि मुद्रास्फीति २.१ प्रतिशत पुगेको छ, जुन अघिल्लो महिनामा १ प्रतिशत मात्र थियो। यसले दुवै क्षेत्रमा छोटो समयमै मूल्यहरू तीव्र रूपमा बढेको देखाउँछ।

चालु आर्थिक वर्षको पहिलो १० महिनाको अवधिमा औसत मुद्रास्फीति ६.१९ प्रतिशत रहेको छ। यो दर गत वर्षको सोही अवधिमा रहेको ४.७३ प्रतिशतभन्दा बढी हो, जसले समग्र रूपमा यस वर्ष मूल्य वृद्धि दर बढेको स्पष्ट देखाउँछ।

यसरी, हालको तथ्यांकले पाकिस्तानमा दैनिक उपभोगका वस्तु तथा सेवाहरू महँगिँदै गएको र नागरिकहरूको जीवनयापन खर्चमा दबाब बढिरहेको संकेत गर्दछ।

# रुस र इरानबीच क्षेत्रीय शान्तिबारे उच्चस्तरीय वार्ता



सिन्ह्वा

मस्को। रुसका विदेशमन्त्री सर्गेई लाभ्रोभ र इरानका विदेशमन्त्री सैयद अब्बास अराघ्चीबीच टेलिफोन वार्ता भएको छ। उक्त वार्तामा दुवै पक्षले इरानको आणविक कार्यक्रम तथा मध्यपूर्वको समग्र सुरक्षा अवस्थाबारे विचार आदान-प्रदान गर्नुभएको छ।

रुसको विदेश मन्त्रालयका अनुसार, छलफलमा क्षेत्रीय अवस्थाको वर्तमान विकासक्रम र बढ्दो तनावलाई शान्तिपूर्ण रूपमा समाधान गर्ने सम्भावनाबारे गम्भीर र रचनात्मक संवाद भएको थियो। दुवै मन्त्रीले द्वन्द्वको चाँडो अन्त्य र क्षेत्रीय स्थायित्व कायम गर्न आवश्यक कूटनीतिक प्रयासहरूको महत्वमा जोड दिनुभयो।

रुसी पक्षले मध्यस्थता तथा कूटनीतिक पहलहरूलाई निरन्तर समर्थन गर्ने आफ्नो प्रतिबद्धता दोहोर्‍याउँदै, सबै पक्षलाई संवाद र समझदारीमार्फत समाधान खोज्न प्रोत्साहित गरेको छ। साथै, दीर्घकालीन शान्ति र स्थिरता कायम गर्न राजनीतिक प्रक्रियालाई अघि बढाउन सहयोग गर्ने तयारी पनि व्यक्त गरिएको छ।

वार्तामा अन्तर्राष्ट्रिय समुद्री मार्गहरूको सुरक्षित सञ्चालन, विशेष गरी होर्मुज जलडमरू हुँदै रुसका जहाज तथा मालसामानको सुरक्षित आवागमन सुनिश्चित गर्ने विषयमा पनि सौहार्दपूर्ण छलफल भएको जनाइएको छ। दुवै पक्षले यस विषयलाई अन्तर्राष्ट्रिय व्यापार र ऊर्जा आपूर्तिका दृष्टिले अत्यन्त महत्वपूर्ण मानेका छन्।

यो संवादलाई दुवै देशबीचको निरन्तर कूटनीतिक सम्पर्क र क्षेत्रीय शान्ति तथा स्थिरताप्रति साझा प्रतिबद्धताको सकारात्मक सङ्केतका रूपमा लिइएको छ।

# सामाजिक सञ्जालमा साइबर सुरक्षा नियम कडाइको असर

एपी

वासिङ्टन। अमेरिकी प्रविधि कम्पनी मेटाले न्यू मेक्सिको राज्यमा आफ्नो सामाजिक सञ्जाल सेवा (फेसबुक, इन्स्टाग्राम लगायत) बन्द गर्न सक्ने चेतावनी दिएको छ। यो विवाद बालबालिकाको मानसिक स्वास्थ्य र सुरक्षासम्बन्धी मुद्दामा भएको कानुनी लडाइँसँग सम्बन्धित छ।

न्यू मेक्सिकोका सरकारी अभियोजकहरूले मेटाका प्लेटफर्महरूलाई बालबालिकाका लागि अस्वस्थ र लत लाग्ने खालका बनाएको आरोप लगाउँदै कम्पनीको प्रणालीमा ठूला परिवर्तन गर्न अदालतमा माग गरेका छन्। ती मागहरूमा बालबालिकाको उमेर पहिचान कडाइ, गोपनीयता सुधार र सुरक्षा नियन्त्रणहरू बढाउने व्यवस्था समावेश छन्।

यो मुद्दा पहिले नै अदालतमा पुगेको छ, जहाँ जूरीले मेटाले बालबालिकाको मानसिक स्वास्थ्यमा हानि पुर्‍याएको र बाल यौन शोषणका विषयमा जानकारी लुकाएको ठहर गर्दै ३७ करोड ५० लाख डलर जरिवाना तोकेको थियो।

# लेबनानमा भएको इजरायली आक्रमणमा १३ जनाको मृत्यु

एएफपी

बेरुत। दक्षिणी लेवनानमा भएको इजरायली आक्रमणमा १३ जनाको मृत्यु भएको लेबनानको स्वास्थ्य मन्त्रालयले बताएको छ। जहाँमा इजरायली सेनाले युद्धविरामको बावजुद निकासी आदेश जारी गरेको थियो।

लेवनानको हबबुसमा भएको आक्रमणमा एक जना बच्चा र दुई महिलासहित आठ जनाको मृत्यु हुनुका साथै अन्य २१ जना घाइते भएको मन्त्रालयले जनाएको छ।

यसै गरि जररियामा भएको अर्को आक्रमणहरूमा दुई जना महिलासहित चार जनाको मृत्यु भएको र थप चार जना घाइते भएको बताइएको छ।

मन्त्रालयले तटीय सहर टायर नजिकै भएको आक्रमणमा एक जनाको मृत्यु भएको र अन्य सात जना घाइते भएकोसमेत जनाएको छ।

हबोसमा पनि इजरायलले यस अघिनै निकासी चेतावनी जारी गरिएको थियो। लेवनानी राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले इजरायली लडाकु विमानहरूले चेतावनी दिएको एक घण्टा भन्दा पनि कम समयमा आक्रमण सुरु गरेको रिपोर्ट गरेको छ।



इ ज रा य ली सेनाले इरान समर्थित समूहको युद्धविराम सम्झौताको उल्लङ्घन पछि हेजबुल्लाह विरुद्ध बल प्रयोग गर्ने जनाउदै स्थानीय बासिन्दाहरूलाई सहरबाट कम्तिमा एक किलोमिटर टाढा खुला क्षेत्रमा भाग्न आग्रह गरेको थियो।

एनएनएले टायरसहित दक्षिण लेबनानका विभिन्न स्थानहरूमा इजरायली आक्रमण गोली प्रहार भएको पनि रिपोर्ट गरेको छ।

इजरायल र हेजबोल्लाह बिचको लामो युद्ध रोक्न अप्रिल-१७ मा गरिएको युद्धविरामको बावजुद इजरायलले लेबनानमा घातक आक्रमणहरू जारी राखेको जनाइएको छ। युद्धविरामले इजरायललाई योजनाबद्ध, आक्रमणहरू विरुद्ध कार्य गर्ने अधिकार प्रदान गरेको छ।

इजरायली सेनाले दक्षिणी सहर शामामा विस्फोट गरी यारुन सहरका "मठ मन्दिर र विद्यालय" ध्वस्त पारेको एनएनएले जनाएको छ।

अन्तर्राष्ट्रिय रेड क्रस र रेड क्रिसेन्ट सोसाइटी महासङ्घका राष्ट्रिय समाज विकास र समन्वयका लागि उपमहासचिव, जेभियर क्यास्टेलानोसले लेबनानी रेड क्रस स्वयंसेवकहरू मिसनमा जादा आफ्नो जीवन दाउमा राखेर काम गर्नु परेको बताउनु भएको छ।

# नोबेल पुरस्कार विजेता नर्गिस मोहम्मदी अस्पतालमा भर्ना

एएफपी

पेरिस। स्वास्थ्यमा समस्या आए पछि इरानका नोबेल शान्ति पुरस्कार विजेता नर्गिस मोहम्मदीलाई उपचारको लागि इरानको अस्पतालमा भर्ना गरिएको उहाँका समर्थकहरूले बताएका छन्।

दुई दशक भन्दा बढीको अधिकार अभियानको आधारमा सन् २०२३ मा शान्ति पुरस्कार जितेका मोहम्मदीलाई इरानका धर्मगुरु अधिकारीहरू विरुद्ध बोलेको आधारमा गत डिसेम्बरमा पूर्वी सहर मशादबाट पक्राउ गरिएको थियो।

उहाँका समर्थकहरूले उहाँको स्वास्थ्यको बारेमा महिनौंदेखि चेतावनी दिँदै आएको र मार्चको अन्त्यमा उनलाई शंकास्पद हृदयघात भएको तर आवाश्यक चिकित्सा उपचार प्राप्त भएको बताउनु भएको छ।

मोहम्मदीको फाउन्डेसनले शुक्रबार सार्वजनिक गरेको विज्ञप्तीमा, गम्भीर हृदयघातको उपचारका लागि जन्जानको अस्पतालमा भर्ना गरिएको जनाइएको छ।



उहाँको परिवारले यस कदमलाई अन्तिम कार्यको रूपमा वर्णन गरेको जनाइएको छ।

उहाँका वकिल मुस्तफा निलीले सामाजिक सञ्जाल एक्समा गरेको पोस्टमा, मोहम्मदीलाई सुरुमा रक्तचापमा समस्या आएपछि बेहोस भएको तथा अस्पतालमा भर्ना गर्न चिकित्सकहरूले अस्विकार गरेको बताउनु भएको छ। न्यूरोलोजिस्टका अनुसार, उहाँको हृदयघातसम्बन्धी गम्भीर समस्याहरूको बाबजुद, उहाँको अवस्थालाई सम्बोधन गर्नु हालको प्राथमिकता भएको निलीले जनाएको बताउनु भएको छ।

एक शताब्दीको पछिल्लो समयमा, ५३ वर्षीया मोहम्मदीलाई इरानले मृत्युदण्ड र महिलाहरूका लागि अनिवार्य ड्रेस कोडको बिरूद्ध अभियान चलाएको आरोपमा बारम्बार मुद्दा चलाइ जेलमा हालिएको जनाइएको छ।

# तनहुँ जलविद्युत् आयोजनामा ७५ प्रतिशत प्रगति




दमौली । तनहुँमा निर्माणाधीन १४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजनामा हालसम्म ७५ प्रतिशत प्रगति भएको छ । ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन आयोजनाको तीन वटै 'प्याकेज'मा काममा ७५ प्रतिशत प्रगति भएको आयोजनाले जनाएको छ ।

आयोजनाको प्याकेज १ अन्तर्गत बाँधलगायत संरचना (हेडवर्क्स), प्याकेज २ अन्तर्गत मुख्य सुरुङ, विद्युत्गृह तथा सम्बन्धित उपकरणहरू र प्याकेज ३ अन्तर्गत दमौली भरतपुर २२० केभी प्रसारण लाइनको काम भइरहेको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो ।

प्याकेज १ अन्तर्गत बाँधलगायत संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । यो प्याकेजमा ५७ प्रतिशत प्रगति भएको भण्डारीले बताउनुभयो । मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा 'डाइभर्सन' सुरुङलगायत संरचनाको निर्माण सकिएको छ । मुख्य बाँध निर्माणका लागि सेती नदीलाई विसं २०८० कात्तिक २० गते पथान्तरण गरिएको थियो । विसं २०८१ जेठमा मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माण सकिएको जनाइएको छ ।

उक्त कार्य सम्पन्न भएसँगै मुख्य बाँधको 'कङ्क्रिटिङ' तथा सम्बन्धित ग्राउटिङ कार्य सुरु गर्न आवश्यक पूर्वाधार तयार भएको छ । "आयोजनाको १४० मिटर अग्लो बाँध निर्माणका लागि विसं २०८१ चैत ७ गते पहिलो कङ्क्रिट राखी कङ्क्रिटिङ कार्यको सुरुआत गरिएको थियो," उहाँले भन्नुभयो, "मुख्य बाँधको कङ्क्रिट, कोर ड्रिलिङ, ग्राउटिङलगायत कार्य जारी छन् ।"

प्याकेज २ अन्तर्गत विद्युत्गृह तथा सम्बन्धित उपकरणको काम सिनो हाइड्रो कर्पोरेसन चीनले गरिरहेको छ । यस अवधिसम्म भूमिगत संरचनाहरू निर्माणका लागि खन्ने कार्य सम्पन्न गरी अधिकांश संरचनाको सिभिल निर्माण सम्पन्न भएको भण्डारीले बताउनुभयो । विद्युत् गृह, केवल सुरुङ, सर्च ट्याङ्क, टेलरेसलगायत संरचनाहरूको मुख्य कङ्क्रिटिङ कार्य सम्पन्न भएको यस प्याकेजको प्रगति ७६ प्रतिशत रहेको भण्डारीले बताउनुभयो ।

भण्डारीका अनुसार जलाशयको पानीलाई विद्युत् गृहतर्फ लैजान प्रयोग हुने मुख्य सुरुङको कङ्क्रिट लाइनिङ कार्य भइरहेको छ । कुल १४१८.७५ मिटर कङ्क्रिट लाइनिङ गर्नुपर्नेमा हालसम्म १४०७.७५ मिटर सम्पन्न भएका छ ।

प्याकेज ३ प्रसारण लाइनअन्तर्गत केइसी इन्टरनेसनल लिमिटेड भारतले दमौली भरतपुर २२० केभी ३३ किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये ७८ वटा टावरको जग हाल्ने काम सम्पन्न गरेको छ । यस प्याकेजको प्रगति ७७ प्रतिशत रहेको छ । प्रसारण लाइनको मार्गाधिकारमा पर्ने राष्ट्रिय वनका रहेका रूखबिरुवा हटाउन सम्बन्धित डिभिजन वन कार्यालयसँगको समन्वयमा छपान कार्य सुरु भएको छ ।

कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरका लागि एडिबीले १५ करोड, जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैङ्कले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ । रासस

# भारतबाट सामान ल्याउँदा भन्सार तिर्नुपर्ने निर्णयपछि नेपाली बजार चलायमान बन्दै

मोरङ । भारतीय बजारबाट रु एक सयभन्दा बढी मूल्यका सामग्री खरिद गरी ल्याउँदा भन्सार महसुल लाग्ने सङ्घीय सरकारको निर्णय कार्यान्वयनमा आएपछि विराटनगरको भारतीय सीमावर्ती क्षेत्रको जोगवनी बजार सुनसान बन्दै गएको छ भने नेपाली बजारमा उपभोक्ताको चलहपहल बढ्न थालेको छ ।




यसअघि नेपाली उपभोक्तले जोगवानी गएर दैनिक खाद्यान्न, लत्ताकपडा, भाँडाकुँडालगायत सामग्री खरिद गरी ल्याउने गरेकामा सरकारको निर्णय कार्यान्वयनमा आएपछि नेपाली बजार चलायमान बन्दै गएको हो । विराटनगर महानगरपालिका-९ मा शुभम इम्पोरियम सञ्चालन गर्दै आउनुभएका अशोक साहले पछिल्लो समय पसलमा स्थानीय ग्राहकको आगमन केही मात्रामा वृद्धि भएको बताउनुभयो । उहाँले स्थानीय व्यापारी, उद्यामी तथा स्थानीय उत्पदानको प्रवर्द्धन गर्न सरकारको यो निर्णय प्रशंसायोग्य रहेको भन्दै यसलाई निरन्तर दिनुपर्नेमा जोड दिनुभयो ।

सरकारले रु १०० को सामान ल्याउँदा भन्सार शुल्क तिनुपर्ने नियम कार्यान्वयनमा आउनु र भन्सार कार्यालयले यसलाई कडाइ गर्दा जोगवनी बजारबाट चामल, लत्ताकपडा, भाँडाकुँडालगायत सामग्री खरिद गरी ल्याउने नेपाली उपभोक्ताको सङ्ख्यामा कमी आएको साहले बताउनुभयो । उहाँका अनुसार उक्त निर्णय कार्यान्वयनमा आएसँगै नेपाली बजारमा चहलपहल बढ्नुका साथै आर्थिक गतिविधि चलायमान बन्दै गएको छ ।

अहिले विराटनगर बजारसहित महेन्द्र चोक, विराटनगर बसपार्क, शनि मन्दिरलगायत क्षेत्रका व्यापारिक केन्द्रमा उपभोक्ताको चलहपहल उल्लेख्य बढेको व्यवसायी साहले बताउनुभयो । विगतमा साइकलमा चार-पाँच वटासम्म झोलामा खाद्यान्नसहित सामान तस्करी गर्नेहरू समेत नियन्त्रणमा आएका उहाँको भनाइ छ ।

भारतीय बजारबाट रु १०० भन्दा बढी मूल्यका सामग्री खरिद गरी ल्याउँदा भन्सार महसुल तिनुपर्ने सङ्घीय सरकारको निर्णय कार्यान्वयनमा आएपछि जोगवनीमा नेपाली उपभोक्ताको सङ्ख्यामा कमी देखिन थालेको उहाँले उल्लेख गर्नुभयो । "विगतमा भारतीय बजारमा नेपाली उपभोक्ताा घुइँचो लाग्थ्यो भने नेपाली बजार सुनसान हुन्थ्ये । अहिले अवस्था परिवर्तन हुँदै गएको छ । यसले नेपाली उत्पादनले बजार पाउनुका साथै आर्थिक गतिविधि थप चलायमा बन्दै गएका छन्", उहाँले भन्नुभयो ।

जोगवनीमा खाद्यान्न, मोबाइल, इलेक्ट्रोनिक, कपडा तथा रङ पसललगायत प्रायः सबै सामग्री पाउने पसल सुनसान बन्दै गएका छन् भने सडकमा राखेर बिक्री गरिने जुत्ताचम्पल, फलफूल, जुस, केटाकेटीका कपडालगायत पसलमा नेपालीको उपस्थिति कम देखिन थालेको स्थानीय व्यापारी बताउँछन् । जोगवनीमा मोरङको पूर्वी राजमार्ग क्षेत्र, सुनसरीको उत्तरी क्षेत्र, धनकुटा, उदयपुरलगायत जिल्लाका विभिन्न स्थानका साथै काठमाडौँका उपभोक्तासमेत आउने गर्दथे ।

विराटनगर भन्सार कार्यालय यात्रु शाखाका नायब सुब्बा हरिहर काफ्लेले रु १०० का सामानमा भन्सार लाग्ने नियम कडाइका साथ लागू भएसँगै उपभोक्ता भारतीय बजारतर्फ खरिद गर्न जाने क्रम घटेको बताउनुभयो । उहाँले पछिल्लो समय दैनिक १२ देखि १५ जनाले भन्सार महसुल बुझाउन थालेका जानकारी दिनुभयो । रासस

# जेन्जी आन्दोलनका सहिदको सम्मानमा सालिक अनावरण

बाँके । गत भदौ २३ गते जेन्जी आन्दोलनका क्रममा सहादत प्राप्त गरेका बाँके, नेपालगञ्ज उपमहानगरपालिका-१ धम्बौझीका इन्जिनियर सुलभराज श्रेष्ठ र आयुष थापाको सालिक अनावरण गरिएको छ । सहिदद्वयको सोही वडामा अर्धकदको सालिक स्थापना गरी अनावरण गरिएको हो ।

त्यस अवसरमा सहिद परिवारको तर्फबाट आयुष थापाका बुवा सुशील थापा र आमा पुनम थापाले माल्यार्पण गर्नुभयो । सहिदका परिवारजनसँगै नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त बिष्ट, वडा नम्बर १ का वडाध्यक्ष प्रमोद रिजाललगायत विभिन्न व्यक्तित्वहरूले दीप प्रज्वलन तथा माल्यार्पण गरेर श्रद्धाञ्जली अर्पण गर्नुभएको थियो । नगरप्रमुख बिष्टले भन्नुभयो, "सुशासन, भ्रष्टाचार नियन्त्रण र समृद्ध नेपालको लागि उहाँहरूले देखेको सपना पूरा गर्न सके मात्रै सच्चा श्रद्धाञ्जली हुनेछ ।"

नगरप्रमुख बिष्टले सहिद सुलभराज श्रेष्ठ र आयुष थापाको नाममा विशालनगर क्षेत्रमा प्रवेशद्वार निर्माण भइरहेको जानकारी दिँदै उहाँहरूको स्मृतिलाई सदैव जीवित राखिने बताउनुभयो । वडा नम्बर १ का अध्यक्ष प्रमोद रिजालले भन्नुभयो, "सहिदहरूको बलिदानलाई सम्मान गर्दै उहाँहरूले देखाएको बाटोमा अघि बढ्नु हाम्रो कर्तव्य हो ।"

नेपालगञ्जमा प्रथम खुल्ला धम्बोझी ब्याडमिन्टन प्रतियोगिता आयोजना हुने भएको छ । धम्बोझी ब्याडमिन्टन प्रशिक्षण केन्द्र वाटरपार्कद्वारा यही वैशाख १९ गतेदेखि प्रतियोगिता सञ्चालन हुन लागेको हो ।

प्रतियोगितामा पुरुष डबल्स भेट्रान्स ५० प्लस खुल्ला, पुरुष डबल्स बी लेबल खुल्ला र पुरुष डबल्स सी लेबल बाँके जिल्ला स्तरीय इभेन्टहरू समावेश गरिएका छन् ।रासस

# म्याग्दी 'कोरिडोर' विद्युत् प्रसारण लाइन आयोजना निर्माण थालियो

म्याग्दी । १३२ केभी क्षमताको म्याग्दी 'कोरिडोर' विद्युत् प्रसारण लाइन आयोजना निर्माण थालिएको छ । धवलागिरि र मालिका गाउँपालिका भएर बग्ने म्याग्दी नदीमा निर्माणाधीन तीन वटा जलविद्युत् आयोजनाले उत्पादन गर्ने विद्युत्लाई राष्ट्रिय प्रणालीमा जोड्न संयुक्त रुपमा 'डबल' र 'मल्टी' सर्किट प्रसारण लाइन बनाउन सुरु गरिएको हो ।

धवलागिरि गाउँपालिका-४ जेल्तुङदेखि वडा नं ३ र ७ हुँदै मालिका गाउँपालिका-७ मा रहेको नेपाल विद्युत् प्राधिकरणको डाँडाखेत सबस्टेसन जोड्ने १६ दशमलव ४८ किलोमिटर लामो प्रसारण लाइन निर्माण हुन लागेको हो ।

यस आयोजनाबाट तीन वटा आयोजनाबाट उत्पादन हुने १६४ दशमलव ७५ मेगावाट विद्युत् राष्ट्रिय प्रसारणमा जोडिने माथिल्लो म्याग्दी जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनी हाइड्रो इम्पाएरका सञ्चालक पूर्णबहादुर पुनले बताउनुभयो ।

कुल ६५ मेगावाट क्षमताको म्याग्दीखोला, ४६.२५ मेगावाट क्षमताको माथिल्लो म्याग्दी र ५३.५ मेगावाट क्षमताको अपर म्याग्दी जलविद्युत् आयोजनाले साझेदारी गरेर बनाउन लागेको आयोजनाको ५७ वटा टावर निर्माण हुनेछन् ।

कुल रु ४२ करोड ६२ लाख लागत अनुमान गरिएको आयोजना निर्माणका लागि आठ दशमलव ४० हेक्टर निजी र २१ दशमलब ९९ हेक्टर राष्ट्रिय वनको जग्गा प्रयोग हुनेछ ।

सार्वजनिक वन प्रयोग गरेबापत सरकारलाई जग्गा सट्टाभर्ना गरिने, टावर रहने निजी जग्गा खरिद तथा प्रसारण लाइनको क्षेत्राधिकारमा पर्ने जग्गाका धनीहरुलाई क्षतिपूर्ति उपलब्ध गराइने आयोजनाले जनाएको छ ।

आयोजना निर्माणका क्रममा हुन सक्ने वातावरणीय प्रभाव न्यूनीकरणका लागि रु ४१ लाख ७५ हजार र सामाजिक सहयोग कार्यक्रमका लागि रु २१ लाख ३१ हजार रकम प्रस्ताव गरिएको छ ।

प्रभावित क्षेत्रका बासिन्दाको सुझाव समेटेर वातावरणीय परीक्षण प्रतिवेदन पारित भएपछि निर्माण सुरु हुने प्रसारण लाइन आयोजना आठ महिनामा सम्पन्न गरिने म्याग्दीखोला जलविद्युत् आयोजनाका प्रमुख उत्तम पौडेलले बताउनुभयो ।


विसं २०८१ असोज ६ गते सर्वेक्षण अनुमति प्राप्त भएको म्याग्दी कोरिडोर प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट २०८१ साल चैत १२ गते स्वीकृत भएको थियो । रासस

# संरक्षण अभावमा जैविक विविधताले भरिपूर्ण 'जलथल' सङ्कटमा

झापा । जिल्लाको दक्षिणी भागमा अवस्थित जलथल जङ्गल जैविक विविधताले भरिपूर्ण 'संसारकै सानो वनखण्ड'का रूपमा परिचित छ । तर संरक्षणको अभावमा यहाँका दुर्लभ वनस्पति, जीवजन्तु र सिमसार क्षेत्रहरू अस्तित्वको सङ्कटमा परेको अध्ययनले देखाएको छ ।

भद्रपुर नगरपालिकासहित हल्दिबारी, कचनकवल र बाह्रदशी गाउँपालिकामा फैलिएको करिब छ हजार १०० हेक्टर क्षेत्रफलको जलथल जङ्गल सघन जैविक विविधताका कारण विश्वमै दुर्लभ मानिन्छ ।

पाँच वर्ष लगाएर गरिएको अध्ययनअनुसार फरेस्ट नेपालका डा लीलानाथ शर्माले समुद्र सतहबाट ७० देखि १२० मिटर उचाइसम्म फैलिएको यस जङ्गलमा उन्यूका ४३ प्रजाति र फूल फुल्ने वनस्पतिका ५६० भन्दा बढी प्रजाति अभिलेख गरिएको छ । उहाँका अनुसार यहाँ २३८ प्रजातिका चरा, १६८ प्रजातिका रुख, १५७ प्रजातिका पुतली, ८५ प्रजातिका च्याउ, ४२ प्रजातिका माछा, ३४ प्रजातिका सरिसृप, २८ प्रजातिका स्तनधारी, १५ प्रजातिका झ्याउ र १४ प्रजातिका उभयचर पाइन्छन् ।



"यति सानो बनखण्डमा यति धेरै जैविक विविधता विश्वमै दुर्लभ मानिन्छ, त्यसैले यसलाई संसारकै सानो तर सर्वाधिक विविधता भएको वनखण्ड भनिएको हो", संरक्षणविद् डा शर्मा भन्नुहुन्छ, "यसको संरक्षणका लागि राज्यको विशेष ध्यान आवश्यक छ । स्थानीय बासिन्दालाई समेत यसको महत्त्व बुझाएर संरक्षणमा सक्रिय बनाउने काम ढिला गर्नुहुँदैन ।"

तल्लो तराईमा रहेको भए पनि यहाँ पहाडी क्षेत्रमा पाइने कतिपय वनस्पति र रुखका प्रजातिसमेत भेटिन्छन् । जलवायु परिवर्तनका कारण यस्ता प्रजाति तराईमा टिक्न कठिन हुने भए पनि जलथलमा वर्षौंदेखि तिनको अस्तित्व कायम रहनु विशेष मानिन्छ । केही प्रजाति सङ्कटापन्न तथा संरक्षण प्राथमिकतामा परेका छन् । विश्व संरक्षण सङ्घ (आइयुसिएन)को 'रेड लिस्ट'मा रहेका अति सङ्कटापन्न लाम्चे कछुवा, बगाले बगेडी र सालक यहाँ पाइन्छन् । यसैगरी नरम खपटे कछुवा, सुन गोहोरो र जङ्गली हात्ती पनि यस क्षेत्रमा भेटिन्छन् । स्थानीयले दुर्लभ मुसेमृग देखिएको दाबी गर्ने गरेका छन् ।

वनस्पतितर्फ अनौकाठ, लाटीबैरी, थाकल, रातो शिरीष र सतिसाल जस्ता दुर्लभ प्रजाति पाइन्छन् । जिम्नोस्पर्म समूहअन्तर्गतका थाकल र भोटेलहरा यहाँ अभिलेख भएका छन् भने सुपारी-नरिवल वर्गका चार दुर्लभ प्रजातिसमेत पाइन्छन् ।

पछिल्लो समय वातावरणीय विनाश र जलवायु सङ्कटका कारण जङ्गललाई पोषण गर्ने सिमसार, खोला, खोल्सी, झिल र पोखरी सुक्दै र लोप हुँदै गएका छन् । कमलधाप, झिल्का पोखरी, लतामारी, सोडागन्धी, होकलामारी, विशाल, दियालो र दुर्गाभिट्टा प्रमुख सिमसार हुन् भने भेल्सा, दुई, बालुवा, कुट्नु, झड्कन र बालुबाडी खोला यही जङ्गलबाट उत्पत्ति हुन्छन् ।

वरपिपल परिवारका १७ प्रजाति यहाँ अभिलेख भएका छन् । भेटिएका १६८ प्रजातिका रुखमध्ये ४३ प्रजातिमा भाले-पोथी बोट फरक-फरक पाइन्छन् भने ११२ प्रजाति दुर्लभ मानिएका छन् । जलथल जङ्गलको संरक्षणका लागि सरकारले सामुदायिक वन उपभोक्ता समितिमार्फत व्यवस्थापन जिम्मा दिएको छ । यहाँ २२ वटा सामुदायिक वन सक्रिय छन् र करिब एक लाख उपभोक्ता आबद्ध छन् ।

वन वरपर सन्थाल, राजवंशीलगायत आदिवासी समुदायको बसोबास छ । उनीहरूको जीविकोपार्जन र संस्कृतिसँग प्रत्यक्ष जोडिएको यस क्षेत्रमा २०० भन्दा बढी प्रजातिका वनस्पति स्थानीयले उपयोग गर्दै आएका छन् । रासस

# मेची भन्सारद्वारा रु १३ अर्बभन्दा बढी राजश्व संकलन




भद्रपुर । मेची भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८२/८३ को चैत मसान्तसम्म रु १३ अर्ब १४ करोड ४५ लाख ८१ हजार राजश्व संकलन गरेको छ । उक्त रकम चालु आवका लागि निर्धारण गरिएको लक्ष्यको ६९ दशमलव ८३ प्रतिशत हो ।

कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाईंका अनुसार चालु आवमा रु १८ अर्ब ८७ करोड ७४ लाख ८३ हजार राजश्व संकलन गर्ने लक्ष्य राखिएको छ । चैत महिनामा मात्रै रु एक अर्ब ६० करोड ६८ लाख ४७ हजार राजश्व संकलन भएको उहाँले जानकारी दिनुभयो । उक्त संकलन चैत महिनाको लक्ष्यको ९४ दशमलव ६९ प्रतिशत हो ।

कार्यालयको तथ्याङ्कअनुसार चालु आवको साउन महिनामा रु एक अर्ब २६ करोड ५० लाख ७९ हजार, भदौमा रु एक अर्ब ३६ करोड ४४ लाख ३९ हजार, असोजमा रु एक अर्ब ५२ करोड २४ लाख ९१ हजार र कात्तिकमा रु एक अर्ब ३० करोड ८१ लाख ८९ हजार राजश्व संकलन भएको छ ।

त्यसैगरी मङ्सिरमा रु एक अर्ब ३६ करोड ७४ हजार, पुसमा रु एक अर्ब ५८ करोड ८९ लाख २४ हजार, माघमा रु एक अर्ब ४७ करोड ८८ लाख ५७ हजार र फागुनमा रु एक अर्ब ६५ करोड ८० लाख चार हजार राजश्व संकलन भएको कार्यालयले जनाएको छ । रासस

# यस्तो छ कृषिउपजको थोक मूल्य

काठमाण्डु । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिले शनिबारका लागि कृषिउपजको थोक मूल्य निर्धारण गरेको छ ।



समितिका अनुसार गोलभँडा ठूलो (भारतीय) प्रतिकिलो रु १००, गोलभँडा सानो (लोकल) प्रतिकिलो रु ६५, गोलभँडा सानो (भारतीय) प्रतिकिलो रु ५६, गोलभँडा सानो (तराई) प्रतिकिलो रु ५८, आलु रातो प्रतिकिलो रु २७ र आलु रातो (भारतीय) प्रतिकिलो रु २४ र प्याज सुकेको (भारतीय) प्रतिकिलो रु ४० रहेको छ ।

यसैगरी, गाजर (लोकल) प्रतिकिलो रु ५०, गाजर (तराई) प्रतिकिलो रु ३०, बन्दा (लोकल) प्रतिकिलो रु ३५, बन्दा (तराई) प्रतिकिलो रु ३०, काउली स्थानीय प्रतिकिलो रु ४०, काउली ज्यापू प्रतिकिलो रु ५०, सेतो मूला (हाइब्रिड) प्रतिकिलो रु २०, भन्टा लाम्चो प्रतिकिलो रु ४० र भन्टा डल्लो प्रतिकिलो रु ५० कायम भएको छ ।

त्यसैगरी, बोडी (तने) प्रतिकिलो रु ८०, मकै बोडी प्रतिकिलो रु ८०, मटरकोसा प्रतिकिलो रु ५०, घिउ सिमी (लोकल) प्रतिकिलो रु ३०, घिउ सिमी (हाइब्रिड) प्रतिकिलो रु ४०, घिउ सिमी (राजमा) प्रतिकिलो रु १००, भटमास कोसा प्रतिकिलो रु १८०, टाटेसिमी प्रतिकिलो रु १२०, तीते करेला प्रतिकिलो रु ४०, लौका प्रतिकिलो रु ३०, परवर (लोकल) प्रतिकिलो रु ८०, परवर (तराई) प्रतिकिलो रु ७०, चिचिन्डो प्रतिकिलो रु ३०, घिरौँला प्रतिकिलो रु ४०, फर्सी पाकेको प्रतिकिलो रु ५५, हरियो फर्सी (लाम्चो) प्रतिकिलो रु २०, हरियो फर्सी (डल्लो) प्रतिकिलो रु २५, सखरखण्ड प्रतिकिलो रु ८०, पिँडालु प्रतिकिलो रु ५० र स्कुस प्रतिकिलो रु ६० कायम गरिएको छ ।

रायोसाग प्रतिकिलो रु ६०, पालुङ्गो प्रतिकेजी रु ८०, चमसुर प्रतिकिलो रु ७०, तोरीसाग प्रतिकिलो रु ३०, मेथी प्रतिकिलो रु ७०, हरियो प्याज प्रतिकिलो रु १२०, तरुल प्रतिकिलो रु ९०, च्याउ (कन्य) प्रतिकिलो रु २२०, च्याउ (डल्ले) प्रतिकिलो रु ४५०, राजा च्याउ प्रतिकेजी रु ३०० र सिताके च्याउ प्रतिकेजी रु १,००० निर्धारण गरिएको छ ।

कुरिलो प्रतिकिलो रु ५००, निगुरो प्रतिकिलो रु १००, ब्रोकाउली प्रतिकिलो रु ७०, चुकन्दर प्रतिकिलो रु ६०, सजीवन प्रतिकिलो रु १२०, कोइरालो प्रतिकिलो रु ३००, रातो बन्दा प्रतिकिलो रु ५०, जिरीको साग प्रतिकिलो रु ८०, पार्सले प्रतिकिलो रु ३२०, सेलरी प्रतिकिलो रु १६०, सौफको साग प्रतिकेजी रु ८०, पुदिना प्रतिकिलो रु ११०, गान्टेमुला प्रतिकिलो रु ५०, इमली प्रतिकिलो रु १८०, तामा प्रतिकिलो रु १५०, तोफु प्रतिकिलो रु १५० र गुन्द्रुक प्रतिकिलो रु ३०० तोकिएको छ ।रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला धनुषा गा.वि.स. बहेडावेला वडा नं. ५ हाल मुखियापट्टी मुसहर्निया गा.पा. वडा नं. ६ मा वस्ने धनिराम यादबको नाती विल्ट यादवको छोरा रामशरण यादबको नाउँमा साविक लगत कायम रहेको जग्गा सर्वे नापी हँदा तपसिल बमोजिम कायम भएकोमा जग्गा आफु नापीको समयमा उपस्थित नभएको कारणले दर्ता छुट हुन गई जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउन नसकेको र निजको मिति २०२८ साममा आफ्नो कालगतीले मृत्यु भई निजको आपताली खाने एकमात्र पत्नी ननुवति देवीको समेत मिति २०३२ सालमा मृत्यु भईसकेको र निज मृतकको कोखबाट छोरा छोरीको जायजन्म नभएकोले निजहरुको शेषपछि आपुताली हकखाने एकमात्र भाई दशरथ यादव र भाई बहारी सुजान देवी यादबको समेत २०३४ साल भन्दा अगावै मृत्यु भईसकेकोले एकमात्र भतिजो म निवेदक नथुनी यादव रहेकोले मेरो नाउँमा एकलौटी छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं. ४८३१ मिति २०८२/०६/२७ गतेमाको यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८३/०१/१७ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकहरुको नाममा छुट जग्गा दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदावी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि. नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | बहेडाबेला | ४ | ८ | ०-१-९ | यो जग्गा पं. वहेडाबेला वडा नं. ५ बस्ने रामशरण यादवको नम्बरी जग्गा हो । |

# हस्तक्षेप बन्द गर्न प्रधानमन्त्रीसँग मेयरको माग



टुडे समाचारदाता

रौतहट । संघीय सरकारको अस्वाभाविक हस्तक्षेपविरुद्ध रौतहटको मौलापुर नगरपालिकाकी मेयर रिनाकुमारी साहले आफ्नो नगरपालिकामा भइरहेको कडा आक्रोश व्यक्त गरेकी छिन् ।

सामाजिक सञ्जालमार्फत शनिबार मेयर साहले प्रधानमन्त्री वालेन्द्र शाह (वालेन) लाई सम्बोधन गर्दै नगरपालिकामाथि भइरहेको 'गैरकानुनी र अनैतिक चलखेल' तत्काल बन्द गर्न माग गरेकी छिन ।

मेयर साहले विशेषगरी मौलापुर नगरपालिकाद्वारा सञ्चालित 'फ्री बिजुली, फ्री पानी' र 'छोरीसँग मेयर' जस्ता लोकप्रिय कार्यक्रमहरूलाई असफल बनाउन केन्द्र सरकारको योजनाबद्ध प्रयास भइरहेकोदाबीगरिन्।नगरपालिकाका कर्मचारीहरूले 'माथिको आदेश' भन्दै भुक्तानी रोक्ने र विकास निर्माणका योजनामा अनावश्यक ढिलासुस्ती गर्ने गरेको गुनासो उनले गरेकी छिन ।

"मेरो नगरवासीले मन पराएको र देशभर सराहत प्राप्त कार्यक्रमहरूलाई केन्द्रको हवाला दिँदै अवरुद्ध गरिनु किमार्थ स्वीकार्य छैन," मेयर साहले भनिन् ।

नगरपालिकामा खटाइने कर्मचारीहरू संविधान र स्थानीय कानुनप्रति जवाफदेही हुनुपर्नेमाउल्टैमन्त्रालयकोनिर्देशनमा नगरपालिकालाई नै अस्तव्यस्त बनाउने काममा लागेको भन्दै उनले गम्भीर आपत्ति जनाएकी छिन् । उनले भनिन्, "के स्थानीय निकायमा आएका कर्मचारीहरू कानुन मान्छन् कि संघीय मन्त्रालयको मनपरी निर्देशनमा चल्छन्? यस विषयमा प्रधानमन्त्री शाहले आफ्नो स्पष्ट धारणा सार्वजनिक गर्नुपर्छ ।"

मेयरको परामर्शबिना नै कार्यपालिकाको बैठक बोलाउने, उपप्रमुखमार्फत निर्णय प्रमाणित गराउने र प्रशासनिक कार्यमा हस्तक्षेप गर्ने जस्ता शंकास्पद गतिविधिहरूले नगरपालिकाको स्वायत्ततामाथि गम्भीर प्रश्न खडा गरेको उनले भनेकी छिन ।

पछिल्लो समय मौलापुरमा भइरहेका यस्ता गतिविधिको पछाडि संघीय सरकारका कर्मचारीसँगै सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का नेताहरूको समेत संलग्नता रहेको आरोप मेयर साहले लगाएकी छिन् । आफ्नो पालिकाका लोकप्रिय कार्यक्रमहरू बन्द गराउन भइरहेको यस प्रकारको षड्यन्त्रविरुद्ध अहिले स्थानीयवासी चरणबद्ध आन्दोलनमा उत्रेको समेत उनले उल्लेख गरेकी छिन् ।

स्थानीय सरकारको संवैधानिक अधिकारमाथि केन्द्रबाट हुने हस्तक्षेपले संघीयताको मर्ममाथि नै प्रहार गरेको भन्दै मेयर साहले यदि यस्ता कार्य नरोकिए स्थानीय तह कठोर आन्दोलनमा जान बाध्य हुने चेतावनी दिएकी छिन् ।

प्रधानमन्त्री नेतृत्वको सरकारले 'सुशासन' को नारा दिइरहँदा मौलापुरमा देखिएको यो विवादलाई सिंगो स्थानीय सरकार सञ्चालन र संघीयता कार्यान्वयनमा चुनौती देखा परेको छ ।

# फेरि बग्यो कमला नदीको 'डाइभर्सन'

टुडे समाचारदाता

जनकपुरधाम । एक साता नबित्दै निरन्तरको भइरहेको वर्षाका आएको बाढीले सर्वसाधारणको आवात जावतका लागि बनाइएको अस्थायी डाइभर्सन फेरी बगाएको छ ।

धनुषा र सिरहा जोड्ने हुलाकी राजमार्गमा एक मात्र रुट रहेको कमला नदीमा बनाइएको अस्थायी 'डाइभर्सन' बिहीवार शुक्रवार भएको वर्षासँगै आएको बाढीले पानीको सतह बढेपछि बगेको जनाइएको छ । हुलाकी राजमार्ग अन्तर्गत यहाँ निर्माण भइरहेको पुलको विकल्पमा अस्थायी रूपमा बनाइएको अस्थायी 'डाइभर्सन' शनिवार बिहान बगेको हो ।



डाईभर्सन पुनः क्षतिग्रस्त भएपछि हाल सयौँ सवारीसाधन र यात्रु बीच बाटोमै रोकिएका छन् । केही दिनअघि पनि वर्षाले क्षति पुऱ्याएपछि मर्मत गरी 'डाइभर्सन' सञ्चालनमा ल्याइएको थियो ।

सहायक प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेल अनुसार नदीमा पानीको बहाव उच्च रहेकाले हाल मर्मत गर्ने अवस्था छैन । "पश्चिमपट्टि पानीको बहाव धेरै छ । पानीको सतह घटेपछि नगरपालिकाको जेसिबी प्रयोग गरी बाँध निर्माणको काम अघि बढाइनेछ", उनले भने ।

धनुषाको कमला नगरपालिका ५ का अध्यक्ष शिव पासवानले भने एक साता भित्रै दुई/दुई पटक डाइभर्सन भत्सिकेको छ । एकसाता देखि नै कमला पुलको बाटो अवरुद्ध छ । डाइभर्सनमाथि ४/५ फिट पानीको सतह पुगेकाले अहिले समस्याको कुनै समाधान देखिदैन पानीको सतह घटेपछि मात्रै केही गर्न सकिने उनको भनाई छ ।

यसअघि आइतवार आएको वर्षाले डाइर्भसन बगेको थियो । पानीको सतह घटेपछि बुधवार जेसीभीले माटो पुरेर काम चलाउ बुधवार बनाइएपछि आवागमन शुरु भएको थियो । तर दुई दिनपनि नबित्दै वर्षाले आएको बाढीबाट फेरी डाइभर्सन बगेपछि आवागमन पूर्ण रुपमा ठप्प भएको छ ।

त्यो बेला करिब तीन सय मिटर निर्माण गरिएको बाँध बीचमै भत्किएपछि सर्वसाधारण र सवारी साधन सञ्चालनमा समस्या हुँदा आवागमन बन्द गरिएको थियो ।

करीब १४ वर्षदेखि सो पुल निर्माणधिन अवस्थामा रहेको छ । २०७८ असार १४ गतेका दिन पुलको निर्माण सम्पन्न भई उद्घाटन समेत भइसकेको थियो । तर तीन दिनपछि आएको बाढीको पानीले पुलको तीन वटा स्पाम भाँसिएर पुल क्षतिग्रस्त भएको थियो । करीब ५ वर्षदेखि ती भाँसिएका स्पामको मरम्मत सम्भारको काम अहिलेसम्म सकिएको छैन ।

डिजाईनमै कमी कमजोरी रहेको भन्दै हुलाकी राजमार्ग आयोजनाले नयाँ डिजाईनमा स्पाम निर्माणको कार्य गर्दै आएका छन् । यस आर्थिक वर्षमा निर्माण कार्य सकिने लक्ष्य रहेको हुलाकी राजमार्ग आयोजना केन्द्र जनकपुरधामले जनाएको छ ।

पुल निर्माणमा ढिलाई भएपछि एक जिल्लाबाट अर्को जिल्लामा जान जोखिम मोलेर बाँसको चचरीमा आवात जावत स्थानीयले गर्ने गर्थ्यो । पांच वर्षअघि पुल निर्माण भएपछि ५ स्थानीयमा खुशीको आश जागेको थियो । तर तीन दिनमै पुल नै भाँसिएपछि फेरी बाँसकै चचरीबाट आवात जावत गर्न थाल्यो ।

पछिल्लो पटक स्थानीयको आवात जावतमा समस्या भइरहेको भन्दै गुनासो बढन थालेपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङ कमला पुलको निरिक्षणको क्रममा चचरी पुलको ठाउँमा डाइभर्सन बनाउन निर्देशन दिएको थियो । उनको निर्देशनले नै ५ महिना अघि पुस महिनामा डाइभर्सन निर्माण गरिएको थियो ।

वि.सं. २०६८ जेठमा कमला पुल निर्माणका लागि निर्माण कम्पनी लुम्बिनी जेभीसँग १४ करोड ९१ लाख रुपियाँमा सम्झौता गरिएको थियो । २०७१ मङ्सिरमा सम्पन्न हुनुपर्ने उक्त पुल सात पटकसम्म म्याद थप भइसके पनि हालसम्म निर्माण हुन सकेको छैन । पुल निर्माणमा २० करोड ४३ लाख रुपियाँ खर्च भइसकेको छ । अब कति लाग्ने भन्ने निश्चित छैन ।

# ट्याक्टरको ठक्करबाट बालिकाको मृत्यु




टुडे समाचारदाता

मलंगवा । सर्लाहीको लालबन्दी नगरपालिका-४, हरिभवनमा ट्र्याक्टरको ठक्करबाट एक बालिकको मृत्यु भएको छ भने दुर्घटनामा उनका बुवा घाइते भएको छ ।

शुक्रवार भीषण वर्षा भइरहेको समयमा हरिपुरतर्फबाट लालबन्दी आउँदैगरेको सेफ्टी ट्याङ्की जडान गरिएको ना ५ त ३११३ नम्बरको ट्याक्टरले ठक्कर दिँदा हरिभवन निवासी सन्तोष भट्टराईकी छोरी छ वर्षीया अन्सु भट्टराईको मृत्यु भएको छ । बुवा सन्तोषले साइकल चलाइरहेको क्रममा ट्याक्टरले ठक्कर दिंदा साइकल पछाडि बसेकी अन्सुको घटनास्थलमै मृत्यु भएको छ ।

दुर्घटनामा साइकल चालक सन्तोषसमेत घाइते भएको छ । उनको लालबन्दीस्थित मोडेल अस्पतालमा उपचार चलिरहेको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक (इन्स्पेक्टर) वीरेन्द्रसिंह जोहारीले जानकारी दिएका छन् ।

मृतक बालिकाको शव भने पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाइएको छ । दुर्घटनामा संलग्न ट्र्याक्टर र त्यसका चालक लालबन्दी नगरपालिका -१७, रानिगन्जका ५० वर्षीय दुर्गामान थोकरलाई नियन्त्रणमा लिइएको इन्स्पेक्टर जोहारीले बताए ।

# कर्मचारी अभाव झेल्दै उखु अनुसन्धान



टुडे समाचारदाता

बारा । देशको एक मात्र बाराको जितपुर सिमरामा रहेको राष्ट्रिय उखु बाली अनुसन्धान कार्यक्रम कर्मचारी अभाव झेल्दै आएको छ । उखु बाली क्षेत्रमा अनुसन्धान गर्ने जिम्मेवारी बोकेको राष्ट्रिय उखु बाली अनुसन्धान कार्यक्रम २६ जनाको दरबन्दी रहेको कार्यालय हाल ९ कर्मचारीले धानिरहेका छन ।

कार्यालयमा मुख्य बैज्ञानिकको १ दरबन्दी रहेकोमा उक्त दरबन्दी खाली रहेको छ । त्यसैगरी, विषयगत वैज्ञानिक ६ जनाको दरबन्दी रहेकोमा २ जना मात्र कार्यरत छन् । वरिष्ठ प्राविधिक अधिकृतको ३ दरबन्दी रहेकोमा तीन वटै खाली छन् ।

प्राविधिक सहायकको तीन दरबन्दी रहेकोमा २ जना मात्र कार्यरत छन् । प्राविधिक सहयोगीको ८ दरबन्दी रहेकोमा ४ मात्र कार्यरत छन् । प्रशासन सहयोगी, हेभी सवारी चालक र प्रमुख प्रशासन सहयोगीको १/१ दरबन्दी रहेकोमा तीन वटै खाली रहेको छ ।

लेखा अधिकृतको १ दरबन्दी रहेकोमा उनी रहेपनि उनले कृषि औजार अनुसन्धान केन्द्र रानिघाट वीरगञ्ज र उखु अनुसन्धान कार्यक्रम दुवैको जिम्मेवारी सम्हालिरहेका छन् ।

कार्यालय प्रमुख डा दिलराज यादव कार्यालयमा प्राविधिक जनशक्तिकै अभाव हुँदा कार्यालयको मुख्य उद्देश्य पूरा गर्न समस्या भइरहेको बताएका छन् ।

उनले भने 'कार्यालयको मुख्य उद्देश्य उखु बाली सम्बन्धी नयाँ नयाँ अनुसन्धान गर्नुपर्ने हुन्छ, 'त्यसका लागि अनुसन्धानको परियोजना, नव प्रवर्तन, सन्चालनसम्मको काम गर्नुपर्छ । यसका साथै माटोको स्वास्थ्य र बालीमा लाग्ने रोग तथा कीरा सम्बन्धी अनुसन्धान गर्नुपर्ने हुन्छ तर कार्यालयमा प्राविधिक जनशक्तिकै अभाव रहेकाले आफ्नो जिम्मेवारी वहन गर्न समस्या भइरहेको छ ।'

उनका अनुसार जनशक्ति अभावले नयाँ प्रविधि विकास गर्न समस्या भइरहेकाले कामको नतिजा जति आउनु पर्ने हो त्यति आउन सकिरहेको छैन । सरकारले तत्कालै त्यसमा कर्मचारी भर्ना नगरे थप समस्या बढने उनको भनाई छ ।

# घरेलु हिंसाको ६७ उजुरी दर्ता

टुडे समाचारदाता

वीरगञ्ज । चालु आर्थिक वर्ष २०८२/०८३ को चैत महिनामा मात्रै पर्सा जिल्लामा घरेलु हिंसासम्बन्धी ६७ वटा उजुरी दर्ता भएका छन् ।

जिल्ला प्रहरी कार्यालय पर्साको तथ्यांक अनुसार तीमध्ये ६४ वटा घटनामा मिलापत्र गराएर समाधान गरिएको छ । पर्सा प्रहरीका प्रवक्ता डिएसपी हरिबहादुर बस्नेतका अनुसार सबैभन्दा धेरै उजुरी वीरगञ्ज महानगरपालिकाबाट दर्ता भएका छन् ।

महानगर क्षेत्रबाट मात्रै ४६ वटा घरेलु हिंसाका उजुरी परेका थिए । दर्ता भएकामध्ये ४३ वटा मिलापत्रमार्फत टुंग्याइएको उनले जानकारी दिए । उनका अनुसार वीरगञ्ज महानगरपालिका ठुलो भूगोल र बढी जनसङ्ख्या भएको क्षेत्र भएकाले अन्य स्थानीय तहको तुलनामा यहाँबाट उजुरी संख्या बढी देखिएको हो ।

त्यसैगरी, बहुदरमाई नगरपालिकाबाट ६ वटा, पोखरिया नगरपालिकाबाट दुई वटा तथा पर्सागढी नगरपालिकाबाट एउटा उजुरी दर्ता भएर समाधान गरिएको छ । गाउँपालिकातर्फ सखुवा प्रसौनीबाट पाँच वटा, बिन्दबासिनीबाट दुई वटा र जगरनाथपुर गाउँपालिकाबाट एउटा घरेलु हिंसाको उजुरी दर्ता भएको छ ।

त्यस्तै, कालिकामाई गाउँपालिकाबाट दुई वटा तथा जिराभवानी र पटेर्वासुगौली गाउँपालिकाबाट एक/एक वटा उजुरी दर्ता भएका छन् भने पकाहामैनपुर, ठोरी र छिपहरमाई गाउँपालिकाबाट चैत महिनाभर घरेलु हिंसासम्बन्धी कुनै उजुरी नपरेको प्रहरी नायब उपरीक्षक बस्नेतले जानकारी दिएका छन् ।



प्रहरीका अनुसार घरेलु हिंसाका घटनामा अधिकांश उजुरी परिवार तथा समाजका अगुवाको उपस्थितिमा मिलापत्र गराउने गरिएको छ । घरेलु हिंसा बढ्दै गएकोमा सरोकारवाला निकायले नियन्त्रणका लागि जनचेतना फैलाउन आवश्यक रहेको प्रहरीको भनाई छ ।

# याज्ञवल्क्य संस्कृत माविमा हजार बढी आवेदन

टुडे समाचारदाता

जनकपुरधाम । गुणस्तरीय शिक्षाका लागि निजी विद्यालयहरु आकर्षणको केन्द्र बन्दै गइरहेको अवस्थामा केही समय यतादेखि जनकपुरधाममा सामुदायिक विद्यालयहरुप्रति आकर्षण बढेको देखिन्छ ।

निजी विद्यालयहरूले उच्च शुल्क असुल्ने तर अपेक्षाअनुसार गुणस्तरीय शिक्षा दिन नसकेको गुनासो भइरहेका बेला जनकपुरधाम-८ मा रहेको याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालय अभिभावक र विद्यार्थीहरूको रोजाइमा पर्न थालेको देखिन्छ ।




नयाँ शैक्षिक सत्रका लागि एक हजारभन्दा बढी विद्यार्थीहरुले आवेदन दिएका छन् । कक्षा ४ देखि ९ सम्म विद्यार्थी छनोट गर्न आयोजित प्रवेश परीक्षामा उल्लेखनीय सहभागिता देखियो । शहरका विभिन्न क्षेत्रबाट आएका विद्यार्थीहरू बिहानैदेखि विद्यालय परिसरमा जम्मा भएका थिए । परीक्षामा ८६१ जना सहभागी हुँदा अझै केही विद्यार्थी आवेदन दिएर पनि उपस्थित नभएको विद्यालय प्रशासनले जनाएको छ। सहभागीमध्ये छात्रको संख्या छात्राभन्दा बढी देखिए पनि दुवै समूहको उत्साह समान थियो ।

सो विद्यालयले नेपालीसँगै अंग्रेजी माध्यममा पनि पढाइ सञ्चालन गर्दा अभिभावकहरुको आकर्षण बढेको विद्यालय प्रशासनको दाबी छ । प्रधानाध्यापक सञ्जय झाका अनुसार विद्यालयले शैक्षिक गुणस्तरमा ध्यान दिँदै विद्यार्थीमैत्री वातावरण बनाउने प्रयास गरिरहेको छ । यही कारणले पछिल्ला वर्षहरूमा यहाँ भर्ना हुन चाहनेको संख्या तीव्र रूपमा बढेको उनको भनाइ छ ।

हाल विद्यालयमा तीन हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । तर भौतिक संरचना पर्याप्त नहुँदा दुई सिफ्टमा कक्षा सञ्चालन गर्नुपर्ने अवस्था छ । कक्षाकोठा अभाव, यातायात सुविधा नहुनु र केही शिक्षक निजी स्रोतबाट व्यवस्थापन गर्नुपर्नुजस्ता समस्या अझै समाधान हुन बाँकी छन् ।

विद्यालय प्रशासनले आवश्यक पूर्वाधार निर्माणमा सरकारी सहयोग पाएमा यसलाई प्रदेशकै उत्कृष्ट नमुना विद्यालयका रूपमा विकास गर्ने लक्ष्य लिएको जनाएको छ । सामुदायिक विद्यालयले पनि गुणस्तरीय शिक्षा दिन सक्छन् भन्ने उदाहरण प्रस्तुत गर्दै यो विद्यालयले स्थानीय शिक्षा प्रणालीमा सकारात्मक सन्देश दिँदै आएको छ ।

# सर्लाहीमा शुरु भयो डायलासिस सेवा

टुडे समाचारदाता

मलंगवा । सर्लाहीमा मिर्गौला (किड्नी) डायलासिस सेवा सुरु भएको छ । जिल्लामै पहिलो पटक ईश्वरपुर नगरपालिका-६ बयलवासस्थित नगर अस्पतालमा डायलासिस सेवा सुरु भएको हो ।

डायलासिस सेवाको मधेश प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री जङ्गलीलाल रायले उद्घाटन गरेका छन् । यस क्षेत्रका मिर्गौला रोगीलाई अब डायलासिस गराउन बर्दिवास, जनकपुर, वीरगन्ज, भरतपुर तथा काठमाडौँलगायतका स्थानमा जानुपर्ने बाध्यता अन्त्य भएको छ ।

पूर्व संघीय स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलको कार्यकालमा मन्त्रालयबाट प्राप्त दुई थान डायलासिस मेसिनमार्फत सेवा सुरु गरिएको ईश्वरपुर नगरपालिकाका नगरप्रमुख मनोजकुमार आचार्यले जानकारी दिएका छन् ।

संघीय सरकारबाट आवश्यक प्राविधिक तथा सञ्चालन खर्च प्राप्त गर्न कम्तीमा पाँचवटा डायलासिस मेसिन सञ्चालनमा हुनुपर्ने प्रावधान रहेकाले त्यसका लागि पहल भइरहेको ईश्वरपुर नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख तथा जनस्वास्थ्य अधिकृत सुगेन्द्र महतोले बताए ।

उनका अनुसार हाल दुईवटा मेसिनबाट दैनिक दुई जनालाई मात्र डायलासिस सेवा प्रदान गर्न सकिनेछ । नगरपालिकाले मधेश प्रदेश सरकारसँग थप तीन थान डायलासिस मेसिन ल्याएर पूर्ण क्षमतामा सेवा सञ्चालन गर्ने पहल अघि बढाएको छ । सेवा उद्घाटनका क्रममा स्वास्थ्यमन्त्री रायले आवश्यक तीन थान डायलासिस मेसिन तथा प्राविधिक प्रदेश सरकारबाट उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

मधेश प्रदेश सरकारले साना योजनाभन्दा बढी नागरिक लाभान्वित हुने ठुला योजनामा बजेट केन्द्रित गर्ने निर्णय गरेको मन्त्री रायले



बताउनुभयो । उहाँले कर्मचारीतन्त्रको ढिलासुस्ती र फाइल अल्झाउने प्रवृत्तिका कारण काम गर्न कठिन भइरहेको गुनासोसमेत गरेका छन् ।

डायलासिस सेवा सञ्चालनका लागि ईश्वरपुर नगरपालिकाले नयाँ स्वास्थ्यकर्मी नियुक्त गर्नुका साथै कार्यरत स्वास्थ्यकर्मीलाई तालिमसमेत प्रदान गरेको छ । डायलासिस असिस्टेन्टका रूपमा सुस्मिता सिंहलाई नियुक्त गरिएको छ भने नगर अस्पतालमै कार्यरत डा. दीर्घनारायण दास र स्टाफ नर्स ममता साहलाई आवश्यक तालिम प्रदान गरिएको स्वास्थ्य शाखा संयोजक महतोले बताए ।

स्वास्थ्य शाखाका अनुसार ईश्वरपुर नगरपालिकावासीलाई डायलासिस सेवा निःशुल्क उपलब्ध गराइनेछ भने अन्य पालिकाका सेवाग्राहीबाट प्रतिपटक दुई हजार ५ सय रुपियाँ शुल्क लिइनेछ । डायलासिसका क्रममा आवश्यक पर्ने रगतका लागि प्रादेशिक अस्पताल मलंगवास्थित ब्लड बैंकसँग समन्वय गरिने नगरपालिकाले जनाएको छ ।

प्रदेश सरकारका स्वास्थ्यमन्त्री रायले नगर अस्पतालमै ब्लड बैंक स्थापना गर्न यसै वर्ष बजेट व्यवस्थापन गर्ने प्रतिबद्धतासमेत जनाए । सर्लाहीकै प्रदेशसभा सदस्यसमेत रहेका मन्त्री रायले जिल्लामै पहिलो पटक डायलासिस सेवा सुरु हुनु स्वास्थ्य क्षेत्रका लागि ठूलो उपलब्धि भएको बताए ।

सडक सुरक्षा
मोबाइलमा होइन सडकमा हेरौं,
जीवन लिने दुर्घटना टारौं ।
सबैले सावधानी अपनाऔं,
लापरबाही गरी ज्यानलाई
जोखिममा नपारौं ।
आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१–५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८